# अध्याय- एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यता र संस्कृतिको विकाससँगै शिक्षा र शैक्षिक चिन्तनहरुको पनि विकास हुँदै आएको पाइन्छ । विश्वका प्रायजसो राष्ट्रले शिक्षालाई समाजको एक सहायक प्रणालीको रुपमा आत्मसाथ गरी सामाजिक, सांस्कृतिक परिवर्तन, वैज्ञानिक चिन्तनको विकास, सिर्जनात्मक सोचाईको विकास गरी समग्र राष्ट्रको उन्नती र प्रगतिको संवाहकको रुपमा शिक्षालाई व्यवस्थित गरेको पाइन्छ । शिक्षाको माध्यमबाट व्यक्ति, समाज र राष्ट्रको उन्नती र विकास गर्न सकिन्छ भन्ने धारणाले विद्यालय प्रणालीको विकास भएको हो । त्यसैले वर्तमान समयमा विद्यालयलाई आधारभूत सामाजिक संस्थाको रुपमा लिएको पाइन्छ । नेपालको शैक्षिक इतिहासमा पनि विद्यालयलाई शिक्षा प्रदान गर्ने पवित्र संस्थाको रुपमा अङ्गिकार गरेको पाईन्छ ।

नेपालमा विद्यालय प्रणालीको बारेमा अध्ययन गर्दा वि.सं. १९१० सालमा जंगबहादुरले स्थापना गरेको दरबार स्कुलबाट नै विद्यालय शिक्षण कार्य संचालन भएको हो । १०४ वर्षको जहानिया राणाशासन कालमा ३२१ प्राथमिक, ११ माध्यमिक तथा २ उच्च गरी जम्मा ३२४ वटा विद्यालयहरु खुलेको पाइन्छ । नेपालमा प्रजातन्त्रको उदय भएपश्चात विद्यालयको स्थापनामा तिब्रता आयो जसले गर्दा विद्यालयको संख्याहरुमा वृद्धि हुन पुग्यो तर यसमा कस्तो पाठ्यक्रम राख्ने, कति योग्यता भएको शिक्षकले कुन तहमा अध्यापन, विद्यालय संरचना कस्तो हुनुपर्ने, परीक्षा प्रणाली कस्तो हुनुपर्ने आदि विषयमा कुनै निचोड नभई विद्यालयको स्थापनाले झन् ठूलो समस्या थपियो । शिक्षा भनेको जीवनको अति आवश्यक कुरा हो । शिक्षालाई समय सान्दर्भिक र व्यवस्थित बनाउँदै लैजानुपर्दछ भन्ने अभिप्रायले २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोग लागु भयो । जुन लागु भएपछि प्राथमिक शिक्षालाई अनिवार्य र निःशुल्क गरायो । साथै शिक्षक तालिमको पनि व्यवस्था गरिनु पर्ने कुरामा जोड दियो भने नेपालमा शिक्षक तालिमको लागि नर्मल स्कुल स्थापित भयो भने २०१३ सालमा गएर कलेज अफ एजुकेशन (College of Education) को नामले स्थापना भएको पाईन्छ साथै पठनपाठन शुरु २०१४ सालदेखि सुचारु ढंगले भएको हो । जसको मुख्य उद्देश्य भनेको शिक्षक तालिम दिनु थियो ।

नेपालको समग्र विकासको लागि आवश्यक जनशक्ति उत्पादन गर्ने, राष्ट्रको ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्ने, ज्ञान तथा सीपको विकास र प्रवर्द्धन गरी विस्तार गर्ने उद्देश्य लिएर वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो । ५२ वर्षको शैक्षिक यात्रामा त्रि.वि.वि. ले शिक्षा विकास सम्बन्धी धेरै अभ्यासहरु गरी लागु गर्दै आएको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बोधन प्राप्त भई लागु भएका नेपाल अधिराज्य भरी ५ वटा व्यवसायिक संकाय र ४ वटा सामान्य संकाय गरी जम्मा ९ वटा संकायहरुलाई शिक्षा दिने परिपाटीका रुपमा मान्यता दिँदै आएको पाईन्छ । त्रि.वि.वि. बाट सम्बोधन प्राप्त भएका ४ वटा सामान्य संस्थानहरुः मानविकी तथा सामाजिक विज्ञान संकाय, व्यवस्थापन संकाय कानुन संकाय र शिक्षाशास्त्र संकाय रहेका छन् ।

त्रिभुवन विश्वविद्यालय मार्फत सामान्य संस्थानबाट संचालित विभिन्न संकाय मध्ये शिक्षाशास्त्र संकाय एक हो । शिक्षाशास्त्र संकाय तर्फको पाठ्यक्रमलार्य हेर्दा प्रविणता प्रमाण पत्र तह दुइवर्षे, स्नातक तह तिनवर्षे, एक वर्षे वि.एड. र स्नातकोत्तर तह दुई वर्षे सञ्चालन हुँदै आएको पाइन्छ । यस संकायको मुख्य उद्देश्य भनेको तालिम प्राप्त शिक्षक उत्पादन गर्ने, शिक्षा विशेषज्ञ, शैक्षिक योजनाकार, सुपरिवेक्षक, पाठ्यक्रमविद् बनाउने रहेको छ । उक्त उद्देश्यहरु पुरा गर्न सैद्धान्तिक तथा प्रयोगात्मक रुपमा विभिन्न अभ्यासहरु गर्दै आएको पाईन्छ ।

यी उद्देश्यहरु पुरा गर्न कोरा सैद्धान्तिक ज्ञानले हुँदैन । शिक्षा व्यवहारमुखी, जीवन उपयोगी र प्रयोगात्मक हुनुपर्दछ भन्ने अवधारणाले नै शिक्षाशास्त्र संकाय तर्फ विभिन्न स्तरमा अभ्यास शिक्षण गर्नुपर्ने व्यवस्था पाठ्यक्रममा राखेको छ । यस संकाय तर्फ प्रविणता प्रमाणपत्र तह तर्फ ५० पूर्णाङ्क, स्नातक तहमा १०० पूर्णाङ्क र स्नातकोत्तर तहमा ५० पूर्णाङ्कको अभ्यास शिक्षण कार्यक्रम अनिवार्य रुपमा लागु गर्दै आएको पाईन्छ ।

स्नातक तह (वि.एड.) तेस्रो वर्षमा १०० पूर्णाङ्कको अभ्यास शिक्षण कार्यक्रम अनिवार्य रुपमा लागु हुँदै आएको छ । शिक्षा क्षेत्रमा अध्ययन गर्नुको मुख्य उद्देश्य भनेको एक कुशल र दक्ष शिक्षकहरु बनाउनु हो । यसरी शिक्षक बन्ने काम त्यति सरल छैन । जसको लागि विभिन्न अभ्यासहरु गर्नुपर्दछ र मात्र व्यवहारमा शिक्षकको रुपमा स्थापित हुन सक्दछ, भनेर अभ्यास शिक्षण कार्यक्रमलाई अनिवार्य रुपमा लागु गर्दै आएको पाईन्छ ।

शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातक तहको पाठ्यक्रमलाई हेर्दा प्रथम वर्षमा ३०० पूर्णाङ्कको अनिवार्य विषय र २०० पूर्णाङ्कको ऐच्छिक विषयलाई पाठ्यक्रममा राखिएको छ । त्यस्तैगरी द्वितीय वर्षमा २०० पूर्णाङ्कको अनिवार्य र ३०० पूर्णाङ्कको ऐच्छिक विषयको व्यवस्था गरिएको छ भने तेस्रो वर्षमा ४०० पूर्णाङ्कको ऐच्छिक विषय र १०० पूर्णाङ्कलाई अभ्यास शिक्षण प्राक्टिकम गराई लागु गर्दै आएको पाईन्छ भने स्नातक तहमा जम्मा १५०० पूर्णाङ्क राखिएको छ ।

## १.२ समस्याको कथन

वर्तमान चलिआएको शिक्षाको संरचनालाई हेर्दा स्नातक तहलाई तीन वर्ष मानिएको छ । जुन तहमा विभिन्न विषयहरु पठनपाठन हुन्छन् । त्यस्तै गरी शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातक तह तेस्रो वर्षमा अभ्यास शिक्षण कार्यक्रम भनेर छुट्टै १०० पूर्णाङ्कको कोर्ष पाठ्यक्रममा राखेको पाईन्छ । जुन शिक्षा क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि अनिवार्य पनि छ । शिक्षा विषय नै रोजेर अध्ययन गर्नुको मुख्य उद्देश्य भनेको पनि एक कुशल शिक्षक बन्नु हो । जसको लागि अभ्यास गर्नु अति आवश्यक पक्ष पनि हो । यसरी अभ्यास शिक्षण गर्न पाठ्यक्रममा विभिन्न नियम र तरिकाहरुको पनि व्यवस्था गरेको पाईन्छ । अभ्यास शिक्षणको पाठ्यक्रम एक प्रयोगात्मक पाठ्यक्रम पनि हो । शिक्षक भनेको बालबालिकाको भविष्य निर्माता पनि हो । जसको लागि विभिन्न ज्ञान, सीप र गुणहरुको आवश्यकता पर्दछ भनेर अभ्यासको रुपमा अभ्यास शिक्षण गर्न पठाउने व्यवस्था राखिएको हो । तर कतिपय विद्यालय, क्याम्पसमा अभ्यास शिक्षणलाई परीक्षामुखी मात्र बनाउने र यसको पाठ्यक्रमलाई वास्ता नगरेको पनि पाइन्छ भने अभ्यास शिक्षण गर्दा शुरुको दिन जाने र बाह्य मूल्याङ्कन आउँदा एकैपटक अन्त्यमा जाने गरेको पनि थाहा हुन आएको छ, जसले गर्दा शिक्षाको गुणस्तर दिनानु दिन घट्दै गएको छ भन्न पनि सकिन्छ । तसर्थ सिन्धुली जिल्लामा शिक्षाशास्त्र संकाय संचालन भएका स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रमको अवस्था कस्तो छ ? अभ्यास शिक्षण पश्चात छात्र शिक्षकहरुमा के कस्ता ज्ञान, सीप विकास भए, कार्यान्वयनमा के कस्ता समस्याहरु आइपरे जस्ता उद्देश्यहरुको यस अनुसन्धानमा खोजी गरिएको छ । अतः स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनलाई नै समस्याको रुपमा यस अनुसन्धानमा लिईएको छ ।

यो अध्ययन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरुको जवाफको खोजी तर्फ केन्द्रित थियो ।

१) स्नातक तहमा अभ्यास शिक्षण कसरी सञ्चालन भएको छ ?

२) के अभ्यास शिक्षण कार्यक्रम पाठ्यक्रम अनुसार कार्यान्वयन भएको छ ?

३) अभ्यास शिक्षणले छात्र शिक्षकमा ज्ञान, सीपको विकास भएको छ ?

४) अभ्यास शिक्षण कार्यक्रम प्रति क्याम्पस प्रमुख, प्र.अ.हरु, विषय शिक्षक र छात्र शिक्षकको अभिमत कस्तो छ ?

५) यस कार्यक्रम संचालन गर्दा कुन कुन निकाय वा व्यक्तिहरुले के कस्ता समस्या भोग्नु परेको छ ?

६) ती समस्याहरुलाई कम गर्ने उपायहरु के के हुन सक्दछन् ?

७) आगामी दिनमा अभ्यास शिक्षण कार्यक्रमलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न के कस्ता कदम चाल्नुपर्ला ?

## १.३ अध्ययनको उद्देश्यहरु

यस अध्ययनमा निम्न उद्देश्यहरुलाई लिइएको छ ।

१. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने,

२. अभ्यास शिक्षण कार्यक्रम मार्फत छात्र शिक्षकहरुमा विकास भएका शिक्षण सीप पहिचान गर्नु,

३. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आएका समस्याहरुको पत्ता लगाउनुका साथै सुधारका उपायहरुको खोजी गर्नु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि विषय शीर्षकमा गरेको अध्ययन अनुसन्धानले सम्बन्धित क्षेत्रमा मात्र नरहेर अन्य विभिन्न पक्षमा पनि सहयोग मिल्दछ । यस अध्ययन स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन कस्तो छ ? भनेर गरिएको शोध अध्ययनले निम्न क्षेत्रमा सहयोग पुग्नेछ ।

१) सबै स्नातक तहका क्याम्पसहरुमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थाका बारेमा सम्बन्धित पक्षलाई जानकारी दिन सहयोग पुग्नेछ ।

२) यस अध्ययनबाट आएको निष्कर्षले छात्र शिक्षकहरुमा अभ्यास शिक्षण प्रति सचेत गराई कुशल शिक्षक बन्नमा सहयोग गर्दछ ।

३) यस अध्ययनको निष्कर्षले यस्तै मिल्दोजुल्दो विषयसँग अध्ययन अनुसन्धान गर्ने भावी पिढीलाई सहयोग पुऱ्याउँछ ।

४) पूर्व सेवाकालिन तथा सेवाकालिन ज्ञान र सीप अभिवृद्धि गर्न सहयोग गर्दछ ।

५) अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन पक्षको गहन अध्ययनबाट यसको प्रभावकारितामा आएका समस्याहरु पत्ता लगाई समाधानका उपायहरु खोज्न मद्दत गर्दछ ।

६) देशको राष्ट्रिय शैक्षिक नीति निर्माण गर्ने र स्नातक तहको शिक्षामा सुधार ल्याउन सुझावको रुपमा रहेको छ ।

७) यस अध्ययनले सम्बन्धित क्याम्पसका क्याम्पस प्रमुख, सहयोगी विद्यालयका प्र.अ. साथै छात्र शिक्षकहरुमा समेत शिक्षण अभ्यासको महत्व प्रति जागरुक गरी आगामी दिनमा शिक्षण अभ्यास अझ प्रभावकारी तरिकाले कार्यान्वयन गर्न सहयोग पुग्नेछ ।

## १.५ अध्ययनको सिमात्तन

स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न तयार पारिएको प्रस्तावनाको निमित्त समय र स्रोत साधनको सीमितताको कारणले निम्नानुसार सीमाङ्कन गरिएको थियो :

१. यस अध्ययनमा सिन्धुली जिल्लामा स्नातक तह सञ्चालित शिक्षाशास्त्र संकाय अन्तर्गतका २ वटा क्याम्पसलाई लिईएको थियो ।

२. यस अध्ययनमा मुख्य विषयहरुः नेपाली र जनसंख्या अध्ययन गर्ने ८/८ जना गरी १६ जना छात्र शिक्षकहरुलाई लिईएको थियो ।

३. यस अध्ययनमा छात्र शिक्षकहरुले अभ्यास शिक्षण गर्न जाने ३० वटा विद्यालयहरु मध्ये सुविधाको आधारमा ४ वटा सहयोगी विद्यालयहरुलाई लिईएको थियो ।

४. यस अध्ययनमा सूचना संकलनको मुख्य साधनको रुपमा अर्धसंरचित अन्तर्वार्ता सूची, कक्षा अवलोकन फारामलाई समावेश गरिएको थियो ।

४. यस अध्ययनमा आवश्यक सूचना संकलन गर्नको लागि २ जना क्याम्पस प्रमुख, ४ जना प्र.अ., ८ जना विषय शिक्षक र १६ जना छात्र शिक्षकहरुलाई लिइएको थियो ।

## १.६ अध्ययनको क्षेत्रको परिचय

सिन्धुली जिल्ला नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्दछ । यो जिल्ला २६.५५ देखि २७.२२ उत्तरी अक्षांश र ८५.१५ देखि ८६.२५ पूर्वी देशान्तरमा अवस्थित छ । भित्री मधेशको चुरे भाग महाभारत क्षेत्रहरुलाई समेटेको छ भने यस

जिल्लाको पूर्वमा उदयपुर र सिरहा उत्तरमा रामेछाप र ओखलढुंगा, पश्चिममा मकवानपुर र काभ्रे, रौतहट जस्ता जिल्लाहरुलाई छोएको छ । यस्तै दक्षिणमा सर्लाही, महोत्तरी, धनुषा जस्ता जम्मा ११ जिल्लासँग सिमाना जोडिएको पाईन्छ । यस जिल्लामा ५३ वटा गाउँ विकास समिति र १ वटा नगरपालिका पर्दछ । राष्ट्रिय निर्वाचनको दृष्टिकोणले यस जिल्लालाई ३ वटा निर्वाचन क्षेत्र र १३ वटा इलाकामा बाँडिएको छ । वि.सं. २०५८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या २ लाख ७७ हजार २ सय ५९ रहेको छ । जिल्लामा अधिकांश यस जिल्लाको सदरमुकाम सिन्धुलीमाढी हो । यस जिल्लामा हालसम्म १४ वटा स्नातक तहका क्याम्पसहरु संचालन भएका छन् । ती मध्ये १४ वटा नै शिक्षा शास्त्र संकाय र थप ५ वटामा मानविकी र ३ वटामा व्यवस्थापन संकाय समेतको पठनपाठन गर्ने गराउने व्यवस्था रहेको छ । तर गाउँका अधिकांश स्नातक तहमा शिक्षाशास्त्र संकाय नै संचालन हुँदै आएको पाईन्छ । विद्यार्थीहरुको रुचि शिक्षा प्रतिको बढी देखिनुको कारणले नै यसो भएको बुझिन्छ । (जिल्ला पार्श्व चित्र सिन्धुली, २०५८ तथा जिल्ला शिक्षा कार्यालय प्रोफाईल, २०६६) ।

# अध्याय- दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै विषयवस्तुको बारेमा अध्ययन गर्नुपर्दा त्यससँग सम्बन्धित पूर्व अध्ययनलाई विशेष समीक्षा गरिनुपर्दछ । जसले गर्दा अध्ययन गर्न खोजिएको विषयवस्तुलाई अझ नयाँ ढंगबाट अगाडि बढाउन खोजिएको होस् । त्यसका साथै अध्ययन गर्न थालिएको अनुसन्धान नयाँ होस् नदोहोरियोस् भन्नका लागि तथा अनुसन्धानका समस्यालाई प्रष्ट पार्न अध्ययन विधिलाई सुधार गर्न तथा सम्बन्धित विषयमा ज्ञानको क्षेत्रलाई फराकिलो पार्न अनुसन्धान कार्य थाल्नु भन्दा अगाडि आफ्नो शीर्षकसँग मेल खाने पूर्व गरिएका अनुसन्धान, पाठ्यपुस्तक, पत्रपत्रिका, बुलेटिन आदिको समीक्षात्मक अध्ययन गर्न आवश्यक हुन्छ । यस शोध अध्ययन प्रस्तावना तयार गर्दा गरिएका समीक्षा निम्न अनुसार गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको समीक्षा

सैद्धान्तिक साहित्यको समीक्षा अन्तर्गत स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था सैद्धान्तिक पक्षमा विभिन्न, योगदान पुऱ्याएका व्यवहारवादी, सिद्धान्तकार र मनोवैज्ञानिक सिद्धान्तकारहरुले दिएका सिद्धान्त र शिक्षण पद्धति (अभ्यासको) बारेमा उल्लेख गरिएको छ ।

थर्नडाईक (१८७४-१९४९) ले प्रयत्न र भूल सिकाई सिद्धान्तको प्रतिपादन गरी एउटा भोकाएको बिरालो माथि गरेको प्रयोगबाट यस सिद्धान्तको प्रतिपादन गर्नमा सफलता हासिल गरेका थिए । यसरी प्रयत्न र भूलको सिकाई सिद्धान्त प्रतिपादन गर्ने क्रममा सिकाईमा थनडाईकले तीन प्रकारको नियम लागु हुने सिद्धान्त प्रतिपादन गरेका थिए ।

क) तयारीको नियमः सिकारु सिक्नका लागि हुनुपर्ने स्वयम् तत्पर भएका अवस्थामा मात्रै सिकाई सम्भव हुने ।

ख) अभ्यासको नियमः बारम्बार अभ्यासको माध्यमबाट मात्रै सिकाई सम्भव हुन्छ ।

ग) प्रभावको नियम : सिक्ने विषयवस्तुले सिकारुमा प्रभाव जमाउन सक्नुपर्दछ, अन्यथा सिकाई हुन सक्दैन ।

यसरी थर्नडाईकले प्रतिपादन गरेको प्रयत्न र भूलको सिद्धान्त मार्फत व्यवहार परिवर्तनमा ल्याउन माथिका ३ वटा नियमको जरुरत पर्दछ । जसले गर्दा हरेक बालकको सिकाईमा पनि प्रयत्न र भूलको सिद्धान्त लागु हुन्छ ।

कोहलर (१८८७-१९६७) ले अन्तरदृष्टि सिकाई सिद्धान्तको प्रतिपादन गरी वन मान्छेलाई घेराबन्दी गरी खेल्ने ठाउँमा राखिएको उदाहरणबाट यस सिद्धान्तलाई प्रमाणित गरेका थिए । यस सिद्धान्तमा एउटा वनमान्छेलाई प्रत्यक्षीकरण देखि अन्तरदृष्टिबाट आफ्नो सन्तुष्टि प्राप्त गर्नसम्म उनले हरेक क्रियाकलापहरुलाई सिकाईका चरणको रुपमा लिएका छन् । जस्तैः परिस्थितिको छानबिन गर्नु, एकाग्र चित्रले ध्यान दिनु, प्रतिक्रिया प्रदर्शन गर्नु, ठिक प्रतिक्रियाको प्रेरणा प्राप्त गर्नु र प्रतिक्रियाको स्थायित्व कायम गर्नु ।

## २.२ पूर्व अनुसन्धानात्मक साहित्यको समीक्षा

बास्तोला, (२०६२) का अनुसार अभ्यास शिक्षण एक शिक्षण तालिमको प्रक्रिया हो । यो सेवा प्रवेश गरेका वा नगरेका दुवै व्यक्तिहरुको लागि उपयोगी मानिन्छ । शिक्षण पेशामा प्रवेश गर्नुपूर्व यसलाई पूर्व सेवाकालिन तालिमको रुपमा र सेवा प्रवेश गरिसकेकाहरुको लागि सेवाकालिन तालिमको रुपमा व्यवस्था गरिएको पाईन्छ ।

ढकाल, (२०६४) का अनुसार अभ्यास शिक्षण नामबाट नै स्पष्ट छ की यो एक अभ्यास हो । शिक्षणकला र विज्ञान दुवै रुपमा लिईन्छ । जसरी कला र विज्ञानमा विभिन्न सीपहरुको आवश्यकता हुन्छ । त्यसरी नै शिक्षणमा पनि विभिन्न प्रकारका नियमहरु र सीपहरुको आवश्यकता पर्दछ । शिक्षण पेशामा प्रवेश गर्न चाहने तथा प्रवेश गरिसकेका व्यक्तिहरुमा शिक्षण सीप र निपूर्णताको विकास गर्न संचालन गरिने अभ्यास नै शिक्षण अभ्यास हो ।

अधिकारी, (२०६६/०६७) का अनुसार अभ्यास शिक्षणमा उपयोगः अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकलाई समस्या समाधान गर्न अथवा प्रयास गर्ने बानीको विकास गर्न, सिकाई गलत तरिकाबाट गर्दा गर्दै पनि सिकिन्छ, भनेर तयारी अवस्थामा राख्न शिक्षण सिकाई क्रियाकलापमा अभ्यासको स्थान उच्च राखी सिकाईलाई प्रभावकारी बनाउन पुरस्कार र दण्डको भूमिकालाई व्यवहारमा उतार्न ।

न्यौपाने, (२०५७) ले गरेको शोध अध्ययन अनुसार तालिम प्राप्त शिक्षकहरु वा अभ्यास शिक्षण पूरा गरेका शिक्षककहरुले कक्षा कोठाको व्यवस्थापनमा अभ्यास शिक्षण समाप्त नगरेका वा तालिम अप्राप्त शिक्षकहरुको तुलनामा धेरै नै सक्षम रहेको पाईन्छ । अभ्यास शिक्षणलाई पूर्व सेवाकालिन तालिमको रुपमा ग्रहण गरेको शिक्षकले विद्यार्थीहरुको सक्रियता, ध्यान आकर्षण, विषयवस्तुको प्रस्तुतीकरण, बालमनोविज्ञान, शैक्षणिक रणनीति तथा कार्यनीति सामग्रीहरुको निर्माण, विद्यार्थीहरुको उचित मूल्याङ्कन गरेको कुराहरु उक्त शोध अध्ययनमा उल्लेख छ ।

वास्तोला, (२०६२/०६३) द्वारा गरिएको शोध अध्ययन अनुसार अभ्यास शिक्षण एक शिक्षण तालिम हो । यो सेवा प्रवेश गरेका वा नगरेका दुवैको लागि उपयोगी मानिन्छ । शिक्षण सेवामा प्रवेश गर्नुपूर्व यसलाई पूर्व सेवाकालिन तालिमको रुपमा र सेवा प्रवेश गरिसकेकाहरुको लागि सेवाकालिन तालिमको रुपमा व्यवस्था गरिएको पाईन्छ ।

अधिकारी, (२०६०) का अनुसार शिक्षक तालिम (अभ्यास शिक्षण) को प्रयोग निम्न अनुसार गरिएको उल्लेख छ ।

अभ्यास शिक्षणको आवश्यकताः शिक्षणको गुणस्तर वृद्धि गर्न पेशालाई व्यवसायीकरण गर्ने, पेशालाई मर्यादित तुल्याउन बालबालिकाहरुको मनोविज्ञान अनुसार प्रभावकारी शिक्षण गर्न, विषयवस्तुको प्रस्तुतीकरणमा विविधता ल्याउन, बालकेन्द्रित शिक्षण विधिको विकास गर्न, प्रभावकारी विद्यार्थी मूल्याङ्कन गर्न र शिक्षणका सिद्धान्त कक्षाकोठामा प्रयोग गर्न ।

सेरिड, (२०४७) को अध्ययन अनुसार ९३ प्रतिशत तालिम प्राप्त शिक्षकहरुले व्याख्यान, छलफल, प्रश्नोत्तर, अभ्यास अभिनय प्रदर्शन, प्रयोगात्मक विधिहरुको प्रयोग गरेको कुरा उल्लेखित छ । जस अनुसार तालिम अप्राप्त वा अभ्यास शिक्षणमा संलग्न नभएको शिक्षकले कक्षाकोठाको व्यवस्थापनमा उचित रणनीति अपनाउन नसकेको कुरा उल्लेख छ ।

शिक्षा विभाग, (२०५९/०६०) को अध्ययनले ५९.३ प्रतिशत शिक्षकहरुले शिक्षण सिकाई क्रियाकलापहरुलाई प्रभावकारी र उपलब्धिमूलक ढंगबाट संचालन गरी शिक्षण गरेको कुरा उल्लेख छ । यसका साथै अध्ययनमा २८ प्रतिशत तालिम प्राप्त वा अभ्यास शिक्षण समाप्त गरेका शिक्षकहरुले विद्यार्थीहरुलाई कक्षाकोठाको क्रियाकलापमा संलग्न

गराएको साथै ३६ प्रतिशत तालिम प्राप्त शिक्षकहरुले विद्यार्थीहरुलाई सक्रिय गरेको कुरा उल्लेख छ ।

अधिकारी, (२०६०) का अनुसार शिक्षक तालिम (अभ्यास शिक्षण) को प्रयोग निम्न अनुसार गरिएको छ :

१. शिक्षणको गुणस्तर वृद्धि गर्नको साथै पेशालाई व्यवसायीकरण गर्न अभ्यास शिक्षण गर्नुपर्ने हुन्छ ।
२. समाजमा शिक्षण पेशालाई मर्यादित तुल्याउन र बालबालिकाहरुको मनोविज्ञान बुझेर प्रभावकारी शिक्षण गर्न शिक्षण अभ्यास तथा तालिमको प्रयोग गर्नुपर्ने हुन्छ ।
३. विषयवस्तुको प्रस्तुतीकरणमा विविधता ल्याउन र बालकेन्द्रित शिक्षण विधिहरुको प्रयोग गर्न अभ्यास शिक्षण तथा तालिम गर्नुपर्ने हुन्छ ।
४. प्रभावकारी विद्यार्थीहरुको प्रगति मूल्याङ्कन गर्न अभ्यास शिक्षण तथा शिक्षक तालिमका आवश्यकता पर्दछ ।
५. शिक्षणका सिद्धान्तहरु कक्षाकोठामा प्रयोग गर्न कक्षामा नयाँ-नयाँ शिक्षण विधिको उपयोग गर्न पनि अभ्यास शिक्षणको प्रयोग गर्नुपर्दछ ।

माथि उल्लेखित विभिन्न व्यक्ति र संघ संस्थाहरुको लेख, शोध, प्रतिवेदनको अध्ययन गर्दा शिक्षण पेशालाई मर्यादित र व्यवस्थित बनाउँदै लैजानको लागि शिक्षकहरुलाई बढी भन्दा बढी अभ्यास गराइनुपर्दछ र शिक्षक तालिमको व्यवस्था गरिनुपर्दछ भन्ने कुरामा जोड दिएको पाईन्छ, भने कुनै पनि व्यक्ति संघसंस्थाले अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन सम्बन्धी अनुसन्धान गरेको पाइएन । अतः मेरो अध्ययन अनुसन्धान अभ्यास शिक्षण कार्यक्रम स्नातक तह तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरुले गरेको अभ्यास शिक्षण कार्यान्वयनको प्रभावकारितासँग सम्बन्धित छ ।

शिक्षाशास्त्र संकाय तर्फ स्नातक तह तेस्रो वर्षमा १०० पूर्णाङ्कको प्राक्टिकम भन्ने पाठ्यक्रममा राखिएको छ । यो प्रयोगात्मक पाठ्यक्रम हो । आफूले शिक्षण पेशामा देखाउने शिक्षण सीपको विकास यस पाठ्यक्रमले अभ्यास शिक्षण मार्फत गर्नेगर्दछ । आजको युग २१ औं शताब्दीको प्रतिस्पर्धात्मक युग हो । त्यसैले एउटा असल शिक्षकमा हुनुपर्ने विभिन्न गुणहरुको विकास गरी प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने कार्य यस अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयन मार्फत हुन्छ ।

## २.३ अवधारणा ढाचा

यस अध्ययनको अवधारणात्मक ढाँचालाई निम्न बुँदाहरुले समेटिएको छ ।

**अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयन अवस्था**

**अभ्यास शिक्षण कार्यान्वयन**

- अभिमुखीकरण कार्यक्रम
- सुक्ष्म अभ्यास शिक्षण
- विद्यालयसँगैको सहकार्य
- पाठ्यक्रम केन्द्रित
- विद्यार्थीहरुको समूह विभाजन
- छात्र शिक्षकहरुको अनुगमन/मूल्याङ्कन

**शिक्षण सीपहरु**

- कक्षा व्यवस्थापन
- पाठयोजना निर्माण र प्रयोग
- शिक्षण विधि छनौट र प्रयोग
- शैक्षिक सामग्री निर्माण र प्रयोग
- विद्यार्थी मूल्याङ्कन
- शिक्षक विद्यार्थी बीचको सम्बन्ध
- प्रश्नपत्रहरुको निर्माण

**कार्यान्वयनका समस्याहरु**

- विद्यालय/क्याम्पससँग सम्बन्धित
- छात्र शिक्षकसँग सम्बन्धित

# अध्याय- तीन

# अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानमा निश्चित विधिको प्रयोग गरिनुपर्दछ । यहाँ विधि भन्नाले एउटा यस्तो तरिका हो । जसले गर्नुपर्ने कार्ययोजनालाई नियमवद्ध, सरल र सहज तरिकाबाट प्रमाणित गर्न सहयोग गर्दछ । यस अध्ययनलाई पनि सत्य र तथ्य रुपमा प्रमाणित गर्न उचित विधिको आवश्यकतालाई मध्यनजर गरी अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था बारे विस्तृत जानकारी लिन निम्न विधिको प्रयोग गरिएको छ ।

## ३.१ अध्ययनको ढाचा

यस अध्ययनलाई गुणात्मक-संख्यात्मक अनुसन्धानको ढाँचामा आधारित भएर संचालन गरिएको छ । यसको उद्देश्य अनुसार अनुसन्धान क्षेत्रमा गई आवश्यक सूचनाहरु संकलन गर्न व्याख्यात्मक विधि, खुला तथा बन्द प्रश्नावलीका साथै कक्षा अवलोकन फारामको प्रयोग गरिएको छ । साथै यस शोध अध्ययन कार्यलाई सम्पन्न गर्नको लागि उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्न स्रोत र साधनको प्रयोग गरिएको छ ।

| क्र.सं. | अध्ययनको उद्देश्य | सूचनाको स्रोत | साधनको प्रयोग |
|---|---|---|---|
| १ | स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने | क्याम्पस प्रमुख, प्र.अ.हरु, छात्र शिक्षकहरु, रेकर्ड अध्ययन | कक्षा अवलोकन फारम, प्रश्नावली, अन्तर्वार्ता निर्देशिका |
| २ | छात्र शिक्षकमा विकास भएका शिक्षण सीप पहिचान गर्नु, | क्याम्पस प्रमुख, प्र.अ.हरु, छात्र शिक्षकहरु | कक्षा अवलोकन फारम, प्रश्नावली, अन्तर्वार्ता निर्देशिका |
| ३ | अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आएका समस्या पत्ता लगाउने र समस्या समाधानका उपायहरु खोजी गर्ने | क्याम्पस प्रमुख, विद्यालयका प्र.अ., छात्र शिक्षकहरु, रेकर्ड अध्ययन | कक्षा अवलोकन फारम, खुल्ला-बन्द प्रश्नावली, अन्तर्वार्ता निर्देशिका |

## ३.२ नमूना छनौट

नमूना छनौटले अध्ययन गर्न लागिएको क्षेत्रको जनसंख्या लगायत विभिन्न वस्तु स्थितिको प्रतिनिधित्व गर्दछ । यस अध्ययनमा आवश्यक तथ्याङ्क संकलन गर्नको लागि उद्देश्यमूलक दस्तावेज विश्लेषण गरिएको छ, भने त्यसका साथै कक्षा अवलोकन र

आवश्यक पर्नेपक्ष प्राचार्य, सहयोगी विद्यालयका प्र.अ.हरु, छात्र शिक्षकहरु र रेकर्ड अध्ययन गरी आवश्यक तथ्याङ्क संकलन कार्य गरिएको छ ।

### ३.२.१ स्नातक तहका क्याम्पसको छनौट

यस अनुसन्धानमा नमूना क्याम्पसहरुको छनोटको लागि सिन्धुली जिल्लामा सञ्चालित १४ वटा स्नातक तहका क्याम्पस मध्ये शिक्षा शास्त्रसंकाय अन्तर्गतका २ वटा क्याम्पसलाई गोला प्रथाद्वारा छनौट गरिएको थियो ।

### ३.२.२ सहयोगी विद्यालयको छनौट

यस अध्ययनको लागि छनौटमा परेका क्याम्पसहरुले अभ्यास शिक्षण गर्न पठाउने २५ वटा विद्यालयमध्येबाट ४ वटा विद्यालयलाई गोलाप्रथाद्वारा छनौट गरिएको थियो ।

### ३.२.३ क्याम्पस प्रमुखको छनौट

अध्ययनको लागि आवश्यक जानकारी एवं सूचनाहरु संकलन गर्न २ वटा क्याम्पसका प्रमुखहरुलाई स्वतः छनौट गरिएको थियो ।

### ३.२.४ सहयोगी विद्यालयका प्र.अ.को छनौट

अभ्यास शिक्षण कार्यक्रममा छात्र शिक्षकहरुलाई सहभागी गराउने सेवा क्षेत्र भित्रका २५ वटा सहयोगी विद्यालयका प्र.अ.हरु मध्येबाट छनौटमा परेका ४ वटा विद्यालयका ४ जना प्र.अ.हरुलाई स्वतः छनौट गरिएको थियो ।

### ३.२.५ सहयोगी विद्यालयका शिक्षकको छनौट

यस अध्ययनको लागि नमूना छनौट भित्र परेका ४ वटा सहयोगी विद्यालयका नेपाली र जनसंख्या मुख्य विषय अध्यापन गराउने नेपालीका ४ जना र जनसंख्या विषयका ४ जना गरी जम्मा ८ जना विषय शिक्षकलाई छनौट गरिएको थियो ।

### ३.२.६ छात्र शिक्षकको छनौट

यस अध्ययनको निमित्त अभ्यास शिक्षण कार्यक्रममा संलग्न हुने मुख्य विषयहरुः नेपाली र जनसंख्या अध्ययन गरेका छात्र शिक्षकहरु मध्ये प्रत्येक विषयबाट ८/८ जना गरी जम्मा १६ जनालाई गोलाप्रथाबाट छनौट गरिएको थियो । उक्त छनौटमा श्री सिद्धज्योती

शिक्षा क्याम्पस फोस्रेटार, सिन्धुलीबाट ८ जना र सिन्धुली बहुमुखी क्याम्पसबाट ८ जना छात्र शिक्षकलाई छनौट गरिएको थियो ।

माथि उल्लेखित नमूना छनौटमा परेका जनसंख्यालाई निम्न तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नं. ३.१**

**छनौटमा परेका स्नातक तहका प्राचार्य र छात्र शिक्षकहरुको छनौट**

| क्र.सं. | उत्तरदाता | स्नातक तहका क्याम्पसको नाम | | संख्या |
|---|---|---|---|---|
| | | सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली | श्री सिद्धज्योति शिक्षा क्याम्पस, फोस्रेटार | |
| १ | प्राचार्य | १ | १ | २ |
| २ | छात्र शिक्षक | ८ | ८ | १६ |

**तालिका नं. ३.२**

**प्र.अ. तथा शिक्षक छनौट तालिका**

| क्र.सं. | उत्तरदाता | नमूना छनौटमा परेका सहयोगी विद्यालय | | | | संख्या |
|---|---|---|---|---|---|---|
| | | श्री भविष्य निर्माता उ.मा.वि. पानीट्याङ्की | श्री गौमती नमुना उ.मा.वि. सिन्धुली | श्री जनज्योति उ.मा.वि. फोस्रेटार | श्री कमला उ.मा.वि. ढुङ्ग्रेवास | |
| १ | प्र.अ. | १ | १ | १ | १ | ४ |
| २ | शिक्षक | २ | २ | २ | २ | ८ |

## ३.३ साधनको निर्माण

यस शोध अध्ययनमा स्नातक तहको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने उद्देश्यलाई मध्यनजर गरी तथ्याङ्क संकलन गर्नको लागि निम्न अनुसारका साधनहरु प्रयोग गरिएको थियो ।

### ३.३.१ छात्र शिक्षकको लागि कक्षा अवलोकन फाराम

नमूना छनौट भित्र परेका छात्र शिक्षकहरुले अभ्यास शिक्षणमा कक्षाकोठामा गर्ने विभिन्न शिक्षण सिकाई क्रियाकलापहरु अध्ययन तथा मूल्याङ्कन गर्न कक्षा अवलोकन फारामको प्रयोग गर्नुका साथै अर्धसंरचित अन्तर्वार्ता सूचीहरु निर्माण गरी जानकारी एवं सूचनाहरु संकलन गरिएको थियो ।

### ३.३.२ प्राचार्य/प्र.अ. अन्तर्वार्ता निर्देशिका

यस अध्ययनमा नमूना छनौटमा परेका २ जना क्याम्पस प्रमुख र ४ जना सहयोगी विद्यालयका प्र.अ. हरुसँग अर्धसंरचित अन्तर्वार्ता विधिको प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

### ३.३.३ शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली

अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन, सहयोगी विद्यालयका विषय शिक्षकहरुसँग बन्द तथा खुला प्रश्नावलीको प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

## ३.४ साधनको वैधता


निर्माण गरिएको साधनहरुको वैधता कायम गर्नको लागि सर्वप्रथम सहपाठी साथीहरुसँगको छलफल र साधन निर्माण पश्चात शोधनिर्देशक गुरुआमा विश्वबाला थापा ज्यूसँग आवश्यक सरसल्लाह गरी साधनलाई अन्तिम रुप दिइएको थियो ।

## ३.५ तथ्यात्क विश्लेषण प्रक्रिया

यस अध्ययन कार्यका लागि प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त भएका तथ्याङ्कहरुलाई गुणात्मक विधिद्वारा ट्रेङगुलेसन गरी वर्णनात्मक शैली अपनाई तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ । उक्त कार्यलाई निम्नलिखित चित्रबाट प्रष्ट पार्न सकिन्छ ।


**चित्र नं. ३.१**

**तथ्याङ्क विश्लेषण प्रक्रिया**




**चित्र नं. ३.२**

**तथ्याङ्क विश्लेषण ढाँचा**



# अध्याय- चार

# तथ्यात्तको विश्लेषण र व्याख्या

"स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रमको अवस्था" शीर्षकको यस अध्ययनको उद्देश्य प्राप्ति गर्न कक्षा अवलोकन फारम, खुला तथा बन्द प्रश्नावली, अन्तर्वार्ता निर्देशिकाको माध्यमद्वारा आवश्यक तथ्याङ्क संकलन गर्न छात्र शिक्षकहरु सहयोगी विद्यालयका विषय शिक्षक साथै प्राचार्य/प्र.अ.सँग प्रतिक्रिया लिईएको थियो । यसरी प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन प्रक्रिया

शिक्षाशास्त्र संकाय स्नातक तह तेस्रो वर्षमा कोर्ष नं. ३९८ लाई प्राक्टिकम पाठ्यांशको रुपमा राखिएको छ । जसको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ४० रहेको छ । यस पाठ्यांशको कार्यान्वयन गर्न प्रत्येक स्नातक तह संचालन गरेका क्याम्पसहरुले १५ दिन समय लिई अभिमुखीकरण कार्यक्रमको लागि स्नातक तह तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई अनिवार्य रुपमा सूचना जाहेर गर्नुपर्छ । त्यसपछि ७ दिनसम्म स्नातक तहमा गई सुक्ष्म अभ्यास शिक्षण गर्ने गरी कम्तिमा ३ जना र बढीमा ८ जना छात्र शिक्षकहरुको समूह बनाई खटाउने गरिन्छ । कहि सहयोगी विद्यालयका प्र.अ. र विषय शिक्षकहरुलाई आन्तरिक सुपरीवेक्षक भनि छुट्टै व्यक्तिहरुलाई खटाइएको देखिन्छ । जब छात्र शिक्षकहरुले कम्तिमा ३५ दिन सहयोगी विद्यालयमा दैनिक पाठयोजना सहित अध्यापन गर्दछन् । त्यसपछि उनीहरुलाई बाह्य मूल्याङ्कनको रुपमा अन्तिम मूल्याङ्कन गरिन्छ । यसरी करिब ३५ दिनसम्म नियमित रुपले छात्र शिक्षकहरुले सहयोगी विद्यालयमा गई अभ्यास शिक्षण कार्य गर्दछन् ।

बाह्य सुपरीवेक्षक मार्फत जब उनीहरुको मूल्याङ्कन हुन्छ । तब मात्र अभ्यास शिक्षण कार्यक्रमको समाप्ती हुन्छ । अभ्यास शिक्षणमा कम्तिमा ३५ वटा संक्षिप्त उत्तर आउने प्रश्नहरु साथै वस्तुगतः बहुवैकल्पिक १० वटा खाली ठाउँ भर्ने १० वटा ठिक बेठिक १० वटा र जोडा मिलाउने ५, ५ वटाका दरले ३ सेट गरी जम्मा १५ वटा निर्माण गर्नुपर्ने प्रावधान रहेको छ । साथै विद्यालय प्रतिवेदन र विद्यार्थी घटना अध्ययन अनिवार्य रुपमा गरिनु पर्दछ ।

**तालिका नं. ४.१**

**विषयगत संरचना र पूर्णाङ्क**

| क.सं. | स्नातक तहमा समावेश विषयहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | अनिवार्य विषयहरु | ५०० |
| २ | ऐच्छिक विषयहरु | ८०० |
| ३ | थप ऐच्छिक | १०० |
| ४ | अभ्यास शिक्षण (प्राक्टिकम) | १०० |

स्रोतः त्रि.वि. पाठ्यक्रम, २०६७ ।

## ४.२ अभ्यास शिक्षणबाट छात्र शिक्षकहरुमा विकास भएका ज्ञान तथा सीपहरु

अभ्यास शिक्षण कार्यक्रम मार्फत निम्न अनुसार ज्ञान तथा सीपहरुको विकास छात्र शिक्षकहरुमा भएको अध्ययनले देखाएको थियो ।

- आफूमा भएको लाज र डरलाई हटाएर साथीहरुको अगाडि स्पष्ट बोल्न सक्नु,
- पाठयोजना स्वयं आफूले बनाउन सक्नु,
- कालोपाटीको उचित प्रयोग गर्नसक्नु,
- शैक्षणिक सामग्रीको निर्माण र उचित प्रयोग गर्नसक्नु,
- विद्यार्थीहरुको मूल्याङ्कन गर्नसक्नु,
- विद्यार्थीहरुलाई कन्ट्रोल गर्नसक्नु,
- विद्यार्थीहरुसँग सुमधुर सम्बन्ध कायम गर्नसक्नु,
- कक्षाकोठाको वातावरण अनुशासन राख्न सक्नु,
- शिक्षण विधिको छनौट एवं प्रयोग गर्नसक्नु,
- प्रश्नपत्रहरुको निर्माण गर्न सक्नु,

### ४.२.१ छात्र शिक्षकहरुले कक्षा कोठामा गर्ने विभिन्न क्रियाकलापहरु

शिक्षण सिकाई क्रियाकलाप अन्तर्गत शिक्षक र विद्यार्थीहरुको सक्रियतामा शिक्षण सामग्रीको उद्देश्यमूलक प्रयोग र कक्षाकोठाभित्र शैक्षणिक उद्देश्य परिपूर्तिको लागि गरिएको योजनावद्ध शिक्षण कार्यहरु पर्दछन् । यस तालिका नं. ४.२ मा अभ्यास शिक्षणको सिलसिलामा छात्र शिक्षकहरुले सहयोगी विद्यालयमा जनसंख्या र नेपाली विषयहरुको

अध्यापन गराउँदा उनीहरुले गरेका विभिन्न शिक्षण क्रियाकलापहरुलाई तुलनात्मक रुपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

**तालिका नं. ४.२**

**छात्र शिक्षकहरुले कक्षाकोठामा गरेका विभिन्न क्रियाकलापहरु**

| क्र.सं. | कक्षाकोठाको शिक्षण क्रियाकलापहरु | नेपाली संख्या (८) | | जनसंख्या संख्या (८) | |
|---|---|---|---|---|---|
| | | जना | प्रतिशत | जना | प्रतिशत |
| १ | पाठयोजनाको निर्माण र प्रयोग | ६ | ७५.० | ७ | ८७.५ |
| २ | पूर्वपाठको पुनरावलोकन | ६ | ७५.० | ६ | ७५.० |
| ३ | विषयवस्तुको उपयुक्त संगठन | ५ | ६२.५ | ५ | ६२.५ |
| ४ | सिकाई प्रक्रियाबाट थप कुरा सिकाउने प्रयास | ४ | ५०.० | ३ | ३७.५ |
| ५ | शैक्षणिक सामग्रीको निर्माण र प्रयोग | ५ | ६२.५ | ५ | ६२.५ |
| ६ | विभिन्न उदाहरणद्वारा विषयवस्तुको प्रस्तुती | ७ | ८७.५ | ४ | ५०.० |
| ७ | शिक्षण सिकाइमा विद्यार्थीहरुको सहभागिता | ४ | ५०.० | ५ | ६२.५ |
| ८ | विद्यार्थीहरुको मूल्याङ्कन | ७ | ७५.५ | ८ | १०० |
| ९ | आवश्यकता अनुसार पाठको पुनरावृत्ति | ६ | ७५.० | ५ | ६२.५ |
| १० | सिकाईमा समान अवसरको उपलब्धि | ५ | ६२.५ | ४ | ५०.० |
| ११ | समयको बाडफाँड र उपयोग | ४ | ५०.० | ३ | ३७.५ |
| १२ | शिक्षक र विद्यार्थी बीचको सम्बन्ध | ६ | ७५.० | ६ | ७५.० |
| १३ | पाठशारको प्रस्तुती | ५ | ६२.५ | ४ | ५०.० |
| १४ | गृहकार्य | ७ | ८७.५ | ७ | ३७.५ |
| १५ | विद्यार्थीहरुको नियन्त्रण | ४ | ५०.० | ५ | ६२.५ |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.२ मा उल्लेखित क्रियाकलाप नं. १ को अर्थात पाठयोजनाको निर्माण र प्रयोग गर्ने नेपाली विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ६ जनाले मात्र पाठयोजनाको निर्माण र प्रयोग गरेको पाइयो । बाँकी २ जनाले पाठयोजना बिना नै शिक्षण गरेको पाइयो । जसलाई प्रतिशतमा राख्दा ७५ प्रतिशत र २५ प्रतिशत हुन आउँछ । त्यस्तै गरी जनसंख्या विषयमा अध्यापन गराउने ८ जना छात्र शिक्षकहरु मध्ये ७ जनाले अर्थात

८७.५ प्रतिशतले पाठयोजनाको निर्माण र प्रयोग गरेको पाइयो भने १ जना छात्र शिक्षकले अर्थात् १२.५ प्रतिशतले पाठयोजना विना नै शिक्षण गरेको पाइयो । यी २ विषयमा अध्यापन गराउने छात्र शिक्षकहरुको पाठयोजना निर्माण र प्रयोगलाई तुलनात्मक रुपमा अध्ययन गर्दा सबभन्दा कम नेपाली विषयमा भएको पाइयो ।

माथिको तालिका नं. ४.२ मा उल्लेखित क्रियाकलाप नं. २ अर्थात पूर्व पाठको पुनरावलोकनलाई अध्ययन गर्दा नेपाली विषयमा अध्यापन गराउने छात्र शिक्षकहरु मध्ये ६ जना अर्थात् ७५ प्रतिशत र जनसंख्या विषयमा ६ जना अर्थात ७५ प्रतिशतले मात्र पूर्व पाठको पुनरावलोकन गरेको पाइयो । यो क्रियाकलाप गराउन असफल भएका बाँकी ४ जना छात्र शिक्षकहरुलाई किन तपाईहरुले यो क्रियाकलाप गर्नु भएन भनी प्रश्न गर्दा हामीहरुले यो क्रियाकलाप गर्न बिर्स्यौ भन्ने उत्तर उहाँहरुले दिनु भएको थियो ।

माथिको तालिका नं. ४.२ मा उल्लेखित क्रियाकलाप नं. ३ अर्थात विषयवस्तुको उपयुक्त संगठनलाई अध्ययन गर्दा नेपाली विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ५ जना अर्थात् ६२.५ प्रतिशत, जनसंख्या विषयका १० जना छात्र शिक्षकहरु मध्ये ५ जना अर्थात् ६२.५ प्रतिशतले यो क्रियाकलाप अनुसार विषयवस्तुको उपयुक्त संगठन गरी शिक्षण गरेको पाइयो ।

तुलनात्मक रुपमा यस क्रियाकलापलाई अध्ययन गर्दा नेपाली र जनसंख्या दुवै विषयमा विषयवस्तुको संगठन गरी अध्यापन गराउने शिक्षकहरु बराबरी पाइयो । भने यो क्रियाकलाप गर्न असफल छात्र शिक्षकहरुलाई किन तपाईहरुले विषयवस्तुको उपयुक्त संगठन गर्न जान्नु भएन, भनी मैले प्रश्न गर्दा उहाँहरुले हामीलाई सरले सिकाउनु भएन भन्ने उत्तर दिनु भएको थियो ।

माथिको तालिका नं. ४.२ मा उल्लेखित क्रियाकलाप नं. ४ लाई अर्थात सिकाई प्रक्रियाबाट थप कुरा सिकाउने प्रयासलाई अध्ययन गर्दा नेपाली छात्र शिक्षकहरु मध्ये ४ जना अर्थात ५०० प्रतिशत र जनसंख्या विषयका छात्र शिक्षकहरुमध्ये ३ जना अर्थात ३७.५ प्रतिशतले यो क्रियाकलाप गर्न सफल भएको पाइयो साथै नेपाली विषयका ४ जना र जनसंख्या विषयका ५ जना छात्र शिक्षकहरुले यो क्रियाकलाप गर्न असफल भएको पाइयो ।

माथिको तालिकाको क्रियाकलाप नं. ५ लाई अर्थात शैक्षणिक सामग्रीको निर्माण र प्रयोगलाई अध्ययन गर्दा नेपाली छात्र शिक्षकहरु ८ जना मध्ये केबल ५ जना अर्थात ६२.५ प्रतिशतले मात्र यो क्रियाकलाप गर्न सफल भएको पाइयो । जनसंख्या विषयका ८ जना छात्र शिक्षक मध्ये पनि ५ जना अर्थात ६२.५ प्रतिशतले शैक्षणिक सामाग्रीको निर्माण र प्रयोग गरेको पाइयो भने नेपाली विषयका ३ जना र जनसंख्याका ३ जना गरी जम्मा ६ जनाले शैक्षणिक सामाग्रीको निर्माण र प्रयोग विना नै शिक्षण गरेको पाइयो ।

माथिको तालिकाको क्रियाकलाप नं. ६ लाई अर्थात विभिन्न उदाहरणद्वारा विषयवस्तुको प्रस्तुतीलाई अध्ययन गर्दा ८ जना नेपाली छात्र शिक्षकहरुमध्ये ७ जना अर्थात ८७.५ प्रतिशत र जनसंख्या विषयका ८ जना छात्र शिक्षक मध्ये ४ जना अर्थात ५०.० प्रतिशतले यो क्रियाकलाप गर्न सफल भएको पाइयो ।

तुलनात्मक रुपमा अध्ययन गर्दा सबभन्दा बढी नेपाली विषयका छात्र शिक्षकहरुले बढी र जनसंख्याका कम छात्र शिक्षकहरुले उदाहरणको प्रस्तुतीद्वारा शिक्षण शुरु गरेको पाइयो ।

माथिको तालिकामा उल्लेखित क्रियाकलाप नं. ७ लाई अर्थात शिक्षण सिकाईमा विद्यार्थीहरुको सहभागितालाई अध्ययन गर्दा नेपाली विषयका ८ जना छात्र शिक्षक मध्ये ४ जना अर्थात ५० प्रतिशत, र जनसंख्या विषयका ८ जना छात्र शिक्षक मध्ये ५ जना अर्थात ६२.५ प्रतिशतको शिक्षण सिकाई क्रियाकलापमा सक्रिय सहभागिता रहेको पाइयो । तुलनात्मक रुपमा यो क्रियाकलाप गराएको अध्ययन गर्दा जनसंख्या विषयमा बढी विद्यार्थीको सहभागिता पाइयो ।

माथिको तालिका नं. ४.२ मा उल्लेखित क्रियाकलाप नं. ८ अर्थात विद्यार्थीहरुको मूल्याङ्कनलाई अध्ययन गर्दा ८ जना नेपाली छात्र शिक्षकहरु मध्ये ७ जना अर्थात ८७.५ प्रतिशत र जनसंख्या विषयका ८ जना छात्र शिक्षक मध्ये ८ जना अर्थात १०० प्रतिशतले नै विद्यार्थीहरुको मूल्याङ्कन गरेको पाइयो ।

माथिको तालिका नं. ४.२ मा उल्लेखित क्रियाकलाप नं. ९ अर्थात आवश्यकता अनुसार पाठको पुनरावृत्तिलाई अध्ययन गर्दा ८ जना नेपाली छात्र शिक्षकहरुमध्ये ६ जनाले अर्थात ७५ प्रतिशतले र ८ जना जनसंख्याका छात्र शिक्षक मध्ये ५ जना ६२.५ प्रतिशतले

आवश्यकता अनुसार पाठको पुनरावृत्ति गरेको पाइयो । तुलनात्मक रुपमा अध्ययन गर्दा नेपालीमा बढी र जनसंख्यामा कम यस क्रियाकलापमा सहभागी भएको पाइयो ।

माथिको तालिका नं. ४.२ मा उल्लेखित क्रियाकलाप १० अर्थात् सिकाईमा समान अवसरको उपलब्धितालाई हेर्दा ८ जना नेपाली छात्र शिक्षक मध्ये ५ जना अर्थात ६२.५ प्रतिशत र जनसंख्या छात्र शिक्षक मध्ये ४ जना अर्थात ५० प्रतिशतले मात्र यो क्रियाकलाप गर्न सफल भएको पाइयो ।

माथिको तालिका नं. ४.२ को क्रियाकलाप नं. ११ अर्थात समयको बाँडफाँड र उपयोगलाई अध्ययन गर्दा नेपाली विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ४ जना अर्थात ५० प्रतिशत र जनसंख्याका ८ जना छात्र शिक्षक मध्ये ३ जना ३७.५ प्रतिशतले समयको बाँडफाँड र उपयोग गरी शिक्षण गराएको पाइयो । तुलनात्मक रुपमा अध्ययन गर्दा नेपाली छात्र शिक्षकले बढी र जनसंख्या छात्र शिक्षकहरु कम यस क्रियाकलापमा सहभागी भएको पाइयो ।

माथिको तालिका नं. ४.२ को क्रियाकलाप नं. १२ अर्थात शिक्षक र विद्यार्थीहरुको बिचको सम्बन्ध अध्ययन गर्दा नेपाली विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ६ जना अर्थात ७५ प्रतिशतले र जनसंख्या विषयका ८ जना छात्र शिक्षकहरु मध्ये पनि ६ जना अर्थात ७५ प्रतिशतको कक्षाकोठामा शिक्षक र विद्यार्थी बिचको सम्बन्ध राम्रो रहेको पाइयो ।

माथिको तालिका नं. ४.२ को क्रियाकलाप नं. १३ अर्थात पाठसारको प्रस्तुती अध्ययन गर्दा नेपाली विषयका ८ जना छात्र शिक्षकहरुमध्ये ५ जना अर्थात ६२.५ प्रतिशत र जनसंख्या विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ४ जना ५० प्रतिशतले यो क्रियाकलाप पुरा गरेको पाइयो ।

माथिको तालिका नं. ४.२ को क्रियाकलाप नं. १४ अर्थात गृहकार्य गर्न लगाउने क्रियाकलापको अध्ययन गर्दा नेपाली विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ७ जना अर्थात् ८७.५ प्रतिशत र जनसंख्या विषय शिक्षण गर्ने ८ जना छात्र शिक्षकहरु मध्ये ७ जना अर्थात ८७.५ प्रतिशतले गृहकार्य गर्न दिएको पाइयो । यसरी हेर्दा धेरैजसोले कक्षा शिक्षणको अन्त्यमा गृहकार्य गर्न दिएको पाइयो भने २ जनाले गृहकार्य गर्न नदिएको पाइयो ।

माथिको तालिका नं. ४.२ को क्रियाकलाप नं. १५ अर्थात विद्यार्थीहरुको नियन्त्रणलाई अध्ययन गर्दा नेपाली विषय पढाउने ४ जना अर्थात् ५० प्रतिशत र जनसंख्या विषय पढाउने ५ जना अर्थात ६२.५ प्रतिशतले कक्षा कोठामा विद्यार्थीहरुलाई नियन्त्रण गर्न सफल भएको पाइयो ।

यस क्रियाकलापलाई तुलनात्माक रुपमा अध्ययन गर्दा नेपाली विषयका छात्र शिक्षक भन्दा जनसंख्या विषयका विषय शिक्षकले विद्यार्थीहरुलाई नियन्त्रण गर्न सफल भएको पाइयो ।

यसरी अभ्यास शिक्षणमा खटिएका १६ जना छात्र शिक्षकहरुको कक्षागत विभिन्न शिक्षण क्रियाकलापको अध्ययन गर्दा जनसंख्या विषयका छात्र शिक्षकको तुलनामा नेपाली विषयका छात्र शिक्षक बढी सफल भएको पाइयो ।

### ४.२.२ शैक्षणिक सामग्रीको प्रयोग

एउटा नेपाली उखान छ : म सुन्दछु, म बिर्सन्छु म देख्छु, म सम्झन्छु, म गर्छु, म बुझ्दछु । यो उखानबाट के स्पष्ट हुन्छ भने गरेर सिकेका कुराहरु बढी व्यवहारिक र दिर्घकालिनसम्म सम्झन सक्ने हुन्छन् । अध्ययनको उद्देश्य पूरा गर्ने क्रममा अभ्यास शिक्षणमा खटिएका १६ जना छात्र शिक्षकहरुको शैक्षिक सामग्रीको निर्माण र प्रयोगलाई तुलनात्मक रुपमा अध्ययन गरिएको थियो । जसलाई तालिका नं. ४.३ मा स्पष्ट पार्ने प्रयास भएको छ ।

**तालिका नं. ४.३**

**शैक्षिक सामग्रीको प्रयोग**

| क्र.सं. | क्रियाकलापहरु | विषयहरु | | | |
|---|---|---|---|---|---|
| | | नेपाली संख्या (८) | | जनसंख्या संख्या (८) | |
| | | जना | प्रतिशत | जना | प्रतिशत |
| १ | सिकाई उद्देश्यमा जोड | ६ | ७५.० | ५ | ६२.५ |
| २ | उपयुक्त समयमा प्रयोग | ५ | ६२.५ | ४ | ५०.० |
| ३ | शिक्षण सामग्रीमा सबै विद्यार्थीहरुको पहुँच | ६ | ७५.० | ५ | ६२.५ |
| ४ | शिक्षण सामग्रीको छनोट, प्रयोग र विद्यार्थी स्तर बिचको तालमेल | ५ | ६२.५ | ४ | ५०.० |

स्रोत: स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.३ मा उल्लेखित क्रियाकलाप नं. १ को अर्थात सिकाई उद्देश्यमा जोड दिन सक्ने सामग्रीको प्रयोगलाई अध्ययन गर्दा नेपालीमा ६ जना अर्थात ७५.० प्रतिशत छात्र शिक्षकहरुले, जनसंख्यामा ५ जना अर्थात ६२.५ प्रतिशत छात्र शिक्षकहरुले यस्तो सामाग्रीको प्रयोग गरेको पाइयो ।

माथिको तालिका नं. ४.३ मा उल्लेखित क्रियाकलाप नं. २ अर्थात उपयुक्त समयमा शैक्षक सामग्रीको प्रयोगलाई अध्ययन गर्दा नेपालीमा ५ जना अर्थात ६२.५ प्रतिशत र जनसंख्यामा ४ जना अर्थात ५०.५ प्रतिशतले मात्र यो क्रियाकलाप गर्न सफल भएको पाइयो ।

माथिको तालिका नं. ४.३ मा उल्लेखित क्रियाकलाप नं. ३ अर्थात सबै विद्यार्थीहरुको शिक्षण सामग्रीमा पहुँचलाई अध्ययन गर्दा ८ जना नेपाली छात्र शिक्षक मध्ये ६ जना अर्थात ७५.० प्रतिशत र जनसंख्याका छात्र शिक्षक ८ जना मध्ये ५ जना अर्थात ६२.५ प्रतिशतले मात्र यो क्रियाकलाप गर्न सफल भएको पाइयो ।

माथिको तालिका नं. ४.३ मा उल्लेखित क्रियाकलाप नं. ४ अर्थात शिक्षण सामग्रीको छनोट, प्रयोग र विद्यार्थी स्तर बिचको तालमेललाई अध्ययन गर्दा नेपाली विषय पढाउने ८ जना छात्र शिक्षक मध्ये ५ जना अर्थात ६२.५ प्रतिशतले र जनसंख्या विषय शिक्षण गर्ने ८ जना मध्ये ४ जना अर्थात ५०.५ प्रतिशतले यो क्रियाकलाप पूरा गरेको पाइयो ।

### ४.२.३ शिक्षण विधिको छनोट एवं प्रयोग

प्रभावकारी शिक्षणको लागि उचित शिक्षण विधिको छनोट र प्रयोग हुन अत्यन्त आवश्यक हुन्छ । उचित विधिको अभावमा शिक्षकले विषयवस्तुको प्रस्तुतीकरण प्रभावकारी ढंगबाट गर्न सक्दैन । यस अध्ययनको उद्देश्य पूरा गर्न अभ्यास शिक्षणमा खटिएका २ वटा विषयका १६ जना छात्र शिक्षकहरुले के कसरी शिक्षण विधिको छनोट र प्रयोग गर्दा रहेछन् भनी तुलनात्मक रुपमा अध्ययन गरिएको थियो । जसलाई तालिका नं. ४.४ मा स्पष्ट पारिएको छ ।

**तालिका नं. ४.४**

**शिक्षण विधिको छनोट एवं प्रयोग**

| क.सं. | क्रियाकलापहरु | विषयहरु | | | |
|---|---|---|---|---|---|
| | | नेपाली संख्या (८) | | जनसंख्या संख्या (८) | |
| | | जना | प्रतिशत | जना | प्रतिशत |
| १ | शिक्षण सामग्री र विधिको तालमेल | ६ | ७५.० | ५ | ६२.५ |
| २ | शिक्षण विधि र विषयवस्तुको तालमेल | ५ | ६२.५ | ६ | ७५.० |
| ३ | श्रृजनात्मक रुपमा विधिको छनोट र प्रयोग | ६ | ७५.० | ५ | ६२.५ |
| ४ | शिक्षण विधिको माध्यमले विद्यार्थी नियन्त्रण र सहभागितामा वृद्धि | ४ | ५० | ५ | ६२.५ |

स्रोतः स्थलगत अध्ययन, २०६७।

माथिको तालिका नं. ४.४ मा उल्लेखित क्रियाकलाप नं. १ को अर्थात शिक्षण सामग्री र विधिको तालमेललाई अध्ययन गर्दा नेपाली विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ६ जना अर्थात ७५.० प्रतिशत र जनसंख्या विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ५ जना अर्थात् ६२.५ प्रतिशतले यो क्रियाकलाप पूरा गरेको पाइयो।

माथिको तालिका नं. ४.४ मा उल्लेखित क्रियाकलाप नं. २ अर्थात शिक्षण विधि र विषयवस्तुको तालमेललाई अध्ययन गर्दा ८ जना नेपाली छात्र शिक्षकहरु मध्ये ५ जना अर्थात ६२.५ प्रतिशतले र ८ जना जनसंख्या छात्र शिक्षकहरुमध्ये ६ जना अर्थात ७५.० प्रतिशतले यो क्रियाकलाप पूरा गरेको पाइयो।

माथिको तालिका नं. ४.४ मा उल्लेखित क्रियाकलाप नं. ३ अर्थात श्रृजनात्मक रुपमा विधिको छनोट र प्रयोगलाई हेर्दा नेपाली विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ६ जना अर्थात् ७५.० प्रतिशतले र जनसंख्या विषयका ८ जना छात्र शिक्षकहरु मध्ये ५ जना अर्थात् ६२.५ प्रतिशतले यो क्रियाकलाप पूरा गरेको पाइयो।

माथिको तालिका नं. ४.४ मा उल्लेखित क्रियाकलाप नं. ४ अर्थात विधिको माध्यमले विद्यार्थी नियन्त्रण र सहभागितामा वृद्धिलाई अध्ययन गर्दा नेपालीमा ४ जना

अर्थात ५० प्रतिशत र जनसंख्या विषयमा ५ जना अर्थात ६२.५ प्रतिशतले यो क्रियाकलाप गर्न सफल भएको पाइयो ।

### ४.२.४ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा विद्यालय तथा क्याम्पसले भोग्नु परेका समस्या

यस अध्ययनको क्रममा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित क्याम्पस तथा सहयोगी विद्यालयहरुले के कस्ता समस्याहरु भोग्नु पर्‍यो त ? भनी क्याम्पसका प्राचाय, सहयोगी विद्यालयका प्र.अ.हरु र सम्बन्धित विषय शिक्षकहरुसँग बन्द तथा खुला प्रश्नावलीको माध्यमबाट जवाफ संकलन गरिएको थियो । जसलाई निम्न बुँदाहरुमा समेटिएको छ ।

१. स्नातक तहका क्याम्पसहरुमा अभ्यास शिक्षण पाठ्यांशको अभाव,

२. पाठ्यांशमा अभ्यास शिक्षण सम्बन्धित उचित नीति निर्देशनको अभाव,

३. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्न उचित समय किटान गर्न कठिनाई,

४. सहयोगी विद्यालयको छनोट र प्रशासनिक व्यवस्था मिलान गर्न कठिनाई,

५. छात्र शिक्षकहरुलाई आर्थिक भार भएको,

६. अभ्यास शिक्षणको लागि सहयोगी विद्यालयमा रुटिन बनाउन कठिनाई,

७. त्रि.वि.वि.बाट यस कार्यक्रमको लागि उचित बजेटको व्यवस्था नभएको,

८. छात्र शिक्षकहरु नियमित विद्यालय नआइदिंदा उक्त पिरियड चालु गर्न कठिनाई,

९. पूर्व अभ्यास शिक्षणमा सबै विद्यार्थी उपस्थित नहुँदा अभ्यास शिक्षण प्रभावकारी गर्न नसक्ने ।

### ४.२.५ अभ्यास शिक्षणको क्रममा छात्र शिक्षकहरुले भोग्नु परेका समस्याहरु

यस अध्ययनको क्रममा छनोटमा परेका नेपाली विषयका ८ जना र जनसंख्या विषयका ८ जना गरी जम्मा १६ जना छात्र शिक्षकहरुलाई अभ्यास शिक्षण गर्ने क्रममा के-कस्ता कठिनाईहरु झेल्नु पर्‍यो भनी अवलोकन फाराम, साथै बन्द तथा खुला प्रश्नावलीको माध्यमबाट सूचनाहरु संकलन गरिएको थियो । जसलाई निम्न बुँदाहरुमा समेटिएको छ ।

१. आफूलाई पायक पर्ने ठाउँमा विद्यालय पाउन गाह्रो,

२. अभ्यास शिक्षणमा आएका शिक्षक भनेर विद्यार्थीहरुले नपत्याउने,

३. छात्र शिक्षकहरुलाई एक भन्दा बढी विषय पढाउन लगाउनुको साथै विद्यालयको १० बजेदेखि ४ बजेसम्म बस्न बाध्य गराउने,

४. पूर्व अभ्यास शिक्षणमा सबै कुराहरु राम्रोसँग नसिकाउँदा पाठ योजना निर्माण गर्न नै कठिनाई भएको,

५. Valley भन्दा बाहिर अभ्यास शिक्षण गर्ने विद्यालय हुँदा क्याम्पसलाई बाह्य शुल्क तिर्नुपर्ने हुँदा विद्यार्थीलाई आर्थिक भार पर्ने,

६. सहपाठी साथीहरु पनि कक्षाकोठा भित्र बसी दिने हुँदा बढी भन्दा बढी लाज लाग्ने,

७. विद्यालयमा आन्तरिक सुपरीवेक्षकको परिचालन कमी भएको,

८. छात्र शिक्षकको मूल्यांकन गर्दा चिनजानको कारणले गर्दा regular लाई भन्दा irregular लाई बढी अंक दिने गरेको

९. सहयोगी विद्यालयका प्र.अ. विषय शिक्षकहरुबाट आवश्यक मात्रामा सल्लाह सुझाव नपाईएको ।

### ४.२.६ प्राचार्य तथा प्रधानाध्यापकको प्रतिक्रिया

स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न नमूना छनोटमा परेका २ जना प्राचार्य र ४ जना सहयोगी विद्यालयहरुका प्रधानाध्यापकहरुलाई अन्तर्वार्ता निर्देशिका तयार पारी प्रतिक्रिया संकलन गरिएको थियो । प्रतिक्रिया दिने क्रममा धेरै जसोको भनाई यो कार्यक्रम प्रभावकारी रुपमा नै कार्यान्वयन भएको छ । तर कार्यान्वयन समयमा एकरुपता छैन भन्ने पक्षमा केन्द्रित थियो । यो कार्यक्रमले अंगालेका सवल पक्षहरु जस्तै पाठयोजनाको आधारमा शिक्षण गर्ने, विद्यार्थीहरुको नियमित मूल्यांकन गर्ने, विद्यार्थी केन्द्रित विधिहरुको प्रयोग गर्ने आदिलाई विद्यालयहरुले सधैं अनुसरण गरी लागु गर्नुपर्दछ भन्ने पनि उहाँहरुको धारणा पाइयो ।

छात्र शिक्षकहरुमा शिक्षण कला र पेशागत गुणहरुको विकास गर्न अभ्यास शिक्षण कार्यक्रम सफल भएको पनि उहाँहरुले दावी गर्नुभयो ।

यो कार्यक्रमलाई अझ प्रभावकारी बनाउन स्नातक तहमा हप्तामा १ दिन भएपनि अभ्यास शिक्षण सम्बन्धी शिक्षण तथा अभ्यास हुनुपर्दछ । कार्यक्रम कार्यान्वयनमा समानता हुनुपर्दछ । सबै छात्र शिक्षकलाई पूर्व अभ्यास शिक्षणमा अनिवार्य गरिनुपर्दछ । नियमित हाजिरीको व्यवस्था गरिनुपर्दछ । सबै तह, निकाय एवं व्यक्तिहरुले आफ्ना आफ्नो क्षेत्रबाट जिम्मेवारी बहन गर्नुपर्दछ भन्ने पनि उहाँहरुको सुझाव रहेको थियो ।

### ४.२.७ छात्र शिक्षकहरुको प्रतिक्रिया

स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गरी अध्ययनको उद्देश्य पूरा गर्नको लागि १६ जना छात्र शिक्षकहरुलाई प्रश्नावली फारम भर्न लगाइनुका साथै अवलोकन फारम पनि भरिएको थियो । उनीहरुले भरेको प्रश्नावली फारम अनुसार अभ्यास शिक्षण कार्यक्रमको प्रभावकारिता सम्बन्धी अध्ययन गर्दा धेरै जसो छात्र शिक्षकहरुले यस कार्यक्रमलाई राम्रोसँग कार्यान्वयन गरेको पाइयो ।

साथै यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउन छात्र शिक्षकहरुले निम्न सुझावहरु पेश गरेको प्रतिक्रिया पाइयो ।

- यो कार्यक्रम संचालन सबै स्नातक तहका क्याम्पसहरुमा एउटै र निश्चित समयमा हुनुपर्दछ ।
- सहयोगी विद्यालयका प्र.अ. र विषयगत शिक्षकहरु पालोपालो गरी कक्षाकोठामा आई शिक्षण सिकाईमा सुधार गर्न सहयोग गर्नुपर्दछ ।
- आफ्नो घरको नजिक वा पाईक पर्ने ठाउँमा सहयोगी विद्यालय छनोट भएको हुनुपर्दछ ।
- आवश्यक शैक्षिक सामग्री सम्बन्धित विद्यालयबाट नै उपलब्ध गराइनुपर्दछ ।
- हामीलाई आर्थिक भार नपारी बरु हामीलाई पारिश्रमिक रकम उपलब्ध हुनुपर्दछ ।
- श्रमको आधारमा नम्बर पाउनु पर्दछ नीक चिनजानको आधारमा ।
- हामीले बनाएका सामग्रीहरु सहयोगी विद्यालयले संकलन गरी राम्रोसँग राखी आगामी हामी जस्तै विद्यार्थीहरुलाई उपलब्ध गराउनु पर्दछ ।
- यस कार्यक्रमको समय ३५ दिन नभई ४५ दिन बनाइनुपर्दछ वा नियमित रुपले अरु पेशागत तथा प्राविधिक विषयको पढाई र अभ्यास जस्तै यसको पनि पढाई र अभ्यास साथसाथै हुनुपर्दछ ।

# अध्याय– पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

यस अध्ययन सिन्धुली जिल्लाका स्नातक तहका क्याम्पसहरुको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन अवस्था पत्ता लगाउने, छात्र शिक्षकहरुमा विकास भएका ज्ञान, सीप पहिचान गर्ने, अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आएका समस्या पत्ता लगाउने उद्देश्यले अनुसन्धान गरिएको थियो । यस क्रममा २ वटा क्याम्पसका प्राचार्य, ४ वटा सहयोगी विद्यालयका प्र.अ., ८ जना सम्बन्धित विषय शिक्षक र १६ जना छात्र शिक्षकहरुबाट आवश्यक सूचना संकलन गरिएको थियो । सूचना संकलन गर्ने क्रममा असंरचित अन्तर्वार्ता सूची तयार गरी प्रयोग गर्नुका साथै विद्यालय अभिलेखबाट पनि सूचना संकलन गरिएको थियो । यस क्रममा प्राप्त तथ्याङ्कलाई परिमाणात्मक एवं गुणात्मक रुपमा व्याख्या र विश्लेषण गरी अध्ययनबाट प्राप्त मुख्य तथ्यहरु प्राप्तिको रुपमा प्रस्तुत गरिएको छ । प्राप्तिको आधारमा निष्कर्ष र निष्कर्षको आधारमा सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अनुसन्धानमा प्राप्त भएका प्राप्तिहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा अधिकांशले उद्देश्यको आधारमा शिक्षण गरेको पाइयो । केही छात्र शिक्षकहरु भने केही छात्र शिक्षकहरु भने शिक्षण अभ्यासका विभिन्न पक्षमा अनविज्ञ रहेको पाइयो ।

२. धेरैजसो छात्र शिक्षकहरुले पाठयोजनाको निर्माण र प्रयोग गरी अभ्यास शिक्षण गरेको पाइयो भने केहीले पाठयोजना विना नै किताबको आधारमा पढाएको पाइयो ।

३. स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम संचालन वा कार्यान्वयनको लागि एउटा निश्चित समय तोकेको पाइएन तसर्थ नमूना छनोटमा परेका ४ वटा विद्यालयले अलग अलग समयमा कार्यक्रम कार्यान्वयन गरेको पाइयो ।

४. शैक्षणिक उद्देश्य निर्माण कार्यलाई अध्ययन गर्दा उद्देश्य निर्माण कार्यमा कठिनाई नभएको भन्नेको संख्या न्यून देखियो भने अधिकांश छात्र शिक्षकहरुले विशिष्ट उद्देश्य निर्माण गर्न असफल भएको देखियो ।

५.	अभ्यास शिक्षण कार्यक्रमलाई निरन्तर रुपमा अगाडि बढाउन सुपरीवेक्षण कार्यमा त्यस्तै नियमितता पाइएन, अधिकांश जसो बाह्य सुपरीवेक्षक आउँदा मात्र आन्तरिक सुपरीवेक्षण गरिने गरेको पाइयो ।

६.	अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरु अधिकांशले अभ्यास शिक्षणको निश्चित समयावधि भित्रै रहेर शिक्षण क्रियाकलाप सम्पन्न गरेको पाइयो । केही छात्र शिक्षकहरु भने शिक्षण क्रियाकलापको समयावधि सम्बन्धी कुनै जानकारी नभएको पाइयो ।

७.	शिक्षण क्रियाकलाप र विधि प्रयोग बारेमा प्राप्त तथ्य हेर्दा विषयवस्तु अनुसार उपयुक्त विधि र सामग्री प्रयोग जनसंख्या भन्दा नेपाली विषयका छात्र शिक्षकहरुले गरेको पाइयो ।

८.	अभ्यास शिक्षणमा संलग्न १६ जना छात्र शिक्षक मध्ये २ जनाले पूर्व अभ्यास शिक्षण नगरी अभ्यास शिक्षणमा पठाइएको पाइयो ।

९.	विषयगत छात्र शिक्षकहरुको व्यवहारिक परिवर्तनलाई हेर्दा प्रत्येक विषयका अधिकांश छात्र शिक्षकले पाठयोजना निर्माण देखि शिक्षण क्रियाकलापका हरेक पक्षहरुमा सफलता हासिल गरी व्यवहारमा परिवर्तन रहेको पाइयो ।

१०.	अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा थुप्रै समस्याहरु देखिएका र त्यसमा पनि अभ्यास शिक्षण सम्बन्धी उचित नीति नियमको अभाव, पाठ्यक्रमको अभाव, सहयोगी विद्यालयको अभाव, सुपरीवेक्षकको कमी, सामग्रीको अभाव आदि जस्ता समस्याहरुले कार्यान्वयनमा समस्या परेको पाइयो ।

## ५.२ निष्कर्ष

माथि उल्लेखित प्राप्त प्रतिक्रियाहरुलाई विभिन्न तालिकाको माध्यमबाट विश्लेषण र व्याख्या गर्दा निम्न निष्कर्षमा पुगियो ।

)	अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा अधिकांशले उद्देश्यको आधारमा शिक्षण गरेको पाइयो । केही छात्र शिक्षकहरु भने अभ्यास शिक्षणका विभिन्न पक्षमा (पाठ योजना निर्माण, उद्देश्य निर्माण, सामग्री प्रयोग, विद्यार्थी मूल्याङ्कन) अनविज्ञ रहेको पाइयो । अभ्यास शिक्षण कार्य पाठ्यक्रम अनुरुप संचालन

भएको तथ्याङ्क बढी नै पाईएता पनि कतिपय विद्यालयहरुको उक्त कार्यक्रम संचालनमा नियमानुसार गरेको देखिएन ।

- अभ्यास शिक्षणको समयावधिलाई मध्यनजर गरी शिक्षण गरिएको पाइयो । स्नातक तहमा संचालन गरिने अभ्यास शिक्षण कार्यक्रममा खटिएका छात्र शिक्षकहरुको सुपरीवेक्षण तरिकामा एउटै प्रक्रिया भएको देखिएन, केही आन्तरिक सुपरीवेक्षक आफ्नै स्नातक तहका शिक्षकहरुबाट छनोट गर्ने गरेको पाइयो भने केही बाह्य शिक्षण संस्थाबाट आउने गरेको पाइयो । यसका साथै बाह्य सुपरीवेक्षकले नियमानुसार गर्ने गरेको भएता पनि अधिकांश आन्तरिक सुपरीवेक्षकले समय समयमा कक्षा अवलोकन गरी सुझाव दिने गरेको पाइएन ।
- अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरुले पाठ्यक्रम भित्र रहेर शिक्षण कार्य गर्दै आएको पाइयो । त्यसका साथै पाठयोजना निर्माण विशिष्ट उद्देश्य निर्माण, शिक्षण सामग्रीको प्रयोग साथै क्रियाकलाप र विधिको बारेमा अधिकांशले सफल रुपमा कार्य गरेको पाइयो । तर केही विद्यालयमा यी पक्षहरु प्रभावकारी हुन नसकेको देखियो ।
- शिक्षण क्रियाकलाप र मूल्याङ्कन सम्बन्धी हेर्दा अधिकांश छात्र शिक्षकहरुले निश्चित समयसिमा भित्र रही शिक्षण क्रियाकलाप गरेको पाइयो भने केहिमा मूल्याङ्कन कार्य उपयुक्त तरिकाले संचालन गर्न नसकेको पाइयो ।

समग्रमा हेर्दा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनबाट उद्देश्य निर्माण, सामग्री प्रयोग, विधिको छनोट, मूल्याङ्कन सीपमा परिवर्तन भएको पाइयो भने नियमानुसार अभ्यास शिक्षण कार्यक्रम संचालनमा प्रभावकारिता देखिएन । यसको कारणमा उचित नीतिको अभाव, पाठ्यक्रमको उपलब्धता नहुन, आन्तरिक सुपरीवेक्षणबाट सुधारको लागि पृष्ठपोषण प्राप्त नहुनु, आदि रहेको पाइयो ।

## ५.३ सुझावहरु

कुनै पनि कार्यक्रम कार्यान्वयन गरिसकेपछि त्यस कार्यक्रमका सवल पक्षहरु र दुर्वल पक्षहरुको मूल्याङ्कन गर्दै आगामी दिनहरुमा प्रभावकारी ढंगबाट संचालन गर्न सकियोस् भन्ने आशाका साथ आवश्यक सुझावहरु पेश गर्नु सकारात्मक ठानी यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा निम्न सुझावहरुलाई अगाडि सारिएको छ ।

१. अभ्यास शिक्षण विषय स्नातक तह तेस्रो वर्षमा कोर्ष नं. ३९८ को पाठ्यांशलाई निश्चित समयभित्र सम्बन्धित क्याम्पसहरुमा उपलब्ध गराईनुपर्ने, यसको लागि शैक्षिक सत्र शुरु हुनु अघि नै क्याम्पसमा पाठ्यक्रम पठाउने कार्यमा त्रि.वि. बाट मिलाउने,

२. अभ्यास शिक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन निश्चित नीति निर्देशनको तयगरी आवश्यक कार्यान्वयनमा ध्यान दिइनुपर्ने,

३. अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरुलाई प्रभावकारी ढंगमा ज्ञान, सीप हासिल हुन सक्ने गरी सुक्ष्म अभ्यासलाई अझ बढी निरन्तरता दिइनुपर्ने साथै छात्र शिक्षकको अध्ययन अवधिमा पनि प्राक्टिकलको लागि हाता-हारतामा साथीहरुको बिचमा शिक्षण कार्य गर्ने खालको वातावरण सृजना गरिनुपर्ने,

४. अभ्यास शिक्षण कार्यक्रमको समयाअवधि ३५ देखि ४५ दिनसम्म पुऱ्याइनुपर्ने,

५. सहयोगी विद्यालयका प्र.अ. र विषय शिक्षक कै निगरानी र सहयोगमा छात्र शिक्षकहरुले अध्यापन गरिनुपर्ने, सकभर शिक्षण विधिको ज्ञान भएको शिक्षकलाई निरीक्षक तोकिएमा सीपमा सुधार गर्न सहयोग पुग्छ ।

६. हरेक विद्यालयमा सधैंभरी दैनिक पाठयोजना अनुसार नै शिक्षण हुनुपर्ने,

७. छात्र शिक्षकहरु अनिवार्य रुपमा सहयोगी विद्यालयमा हाजिर भई अध्यापन गर्नुपर्ने,

८. यस कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पन्न गर्ने विद्यार्थीहरु, विषयगत शिक्षकहरु, सुपरिवेक्षकहरु, छात्र शिक्षकहरु, जो कोही पनि सानो रकम वा उपहारबाट पुरस्कृत हुनुपर्ने,

९. परिश्रमको आधारमा विद्यार्थीहरुको मूल्याङ्कन गरी नम्बर पठाइनु पर्ने नकि चिनजानको र चियापानको भरमा,

१०. अभ्यास शिक्षण कार्यक्रममा संलग्न छात्र शिक्षकहरुलाई प्राचार्य, प्र.अ. र विषय शिक्षकहरुबाट अझ बढी निरीक्षण, अनुगमन गर्दै आवश्यक मात्रामा सल्लाह सुझाव दिनुपर्ने,

११. सहयोगी विद्यालय छनोट गर्दा छात्र शिक्षकहरुको पाईक पर्ने ठाउँमा नै सकभर छनोट गरिदिने,

१२. त्रि.वि.वि. साथै क्याम्पस आफैंले कार्यक्रम संचालनको लागि बजेटको व्यवस्था गर्नुपर्ने र उक्त बजेटलाई आवश्यकता अनुसार विभिन्न शीर्षकमा खर्च गर्नुपर्ने नकि सुपरीवेक्षकको भत्ता लागि मात्र ।

# सन्दर्भसूची


अधिकारी, विष्णु प्रसाद (२०६६), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौं : आशिष बुक्सहाउस प्रा.लि., बागबजार ।

अधिकारी, विष्णु प्रसाद (२०६७), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* काठमाडौं : आशिष पुस्तक भण्डार, बागबजार ।

अर्याल, प्रेमनारायण र साथीहरु (२०५५), *अभ्यास शिक्षण निर्देशन र प्रयोग,* काठमाडौं : शिक्षा क्याम्पस, रामशाहपथ, काठमाडौं ।

आचार्य, एकारन्त (२०६२), *अभ्यास शिक्षणको रुपरेखा,* काठमाडौं : सुकुन्दा पुस्तक भण्डार, भोटाहिटी ।

कार्की, अशोकुमार (२०६३), *अभ्यास शिक्षण कार्यक्रम, सिद्धान्त र प्रयोग,* काठमाडौं : रत्नपुस्तक भण्डार, बागबजार ।

दशौं योजना (२०५९-२०६४), राष्ट्रिय योजना आयोग, काठमाडौं ।

ढकाल, मानव प्रसाद (२०५५), *अभ्यास शिक्षणको सिद्धान्त र प्रयोग,* काठमाडौं : रत्न पुस्तक भण्डार, नेपाल ।

ढुङ्गना, ध्रुवराज (२०६२), *शिक्षण अभ्यास पुस्तिका,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

भण्डारी, विन्दु (२०६७), *शिक्षाः शिक्षकको शिक्षण सीप,* काठमाडौं : शिक्षा मन्त्रालय ।

राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन- २०४९, रत्न पुस्तक भण्डार, बागबजार, काठमाडौं ।

वास्तोला, भेषराज (२०६३), *प्राथमिक शिक्षक तालिमले शिक्षण सिकाईमा पारेको प्रभाव,* शोध अध्ययन त्रि.वि.वि. कीर्तिपुर, काठमाडौं ।

विष्ट, दिपेन्द्र (२०६०), *शिक्षक तालिम बारे एक झलक,* अन्तर्राष्ट्रिय शैक्षिक मञ्च, वर्ष २, अंक १, पूर्णाङ्क ७, काठमाडौं ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६२), *शिक्षक र शिक्षण,* केशरमहल, काठमाडौं ।

शिक्षक/शिक्षण, सेरिड, बल्खु, काठमाडौं ।

शिक्षा जगतको पत्रिका, २०६३ ।

Agrawal, J.C. (2003), *Principles Method and Techn iques of Teaching*.

Cohen, Louis and Manion Laurence, *A Guide to Teaching Practice*.

Economic Survey, Fiscal Year, 2066/67, Vol. 1.

Today, 2008, Tribhuvan Unviersity, Kirtipur, Kathmandu.

# अनुसूची १

क्याम्पस प्रमुखसँग अन्तर्वार्ता प्रश्नावली

- क्याम्पसको नामः ठेगानाः
- क्याम्पस प्रमुखको नामः उमेरः
- शैक्षिक योग्यता : अनुभव :
- विशिष्टीकरण विषय : तालिमः

मितिः

यो अन्तर्वार्ता निर्देशिका त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय एम.एड. दोस्रो वर्षको शोधपत्र तयार गर्ने उद्देश्यले बनाईएको हो । यसमा दिइएको उत्तर शोधकार्य बाहेक अन्यमा प्रयोग नगरिने व्यहोरा जानकारी गराउँदछु ।

१. तपाईको यस क्याम्पसमा स्नातक तहमा कति विद्यार्थीहरु छन् ?

| क.सं. | | |
|---|---|---|
| १ | छात्र | |
| २ | छात्रा | |

२. यस क्याम्पसमा स्नातक तह संचालन भएको कति समय भयो ?

.............................................................................

३. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा पाठ्यांशलाई आधार मान्नुहुन्छ ?

क) मानिन्छ ख) मानिदैन ।

४. छात्र शिक्षकहरुलाई अभ्यास शिक्षणमा पठाउनु भन्दा अगाडि शुक्ष्म अभ्यास शिक्षण कति दिन गराउनु हुन्छ ?

....................................................................................

५. छात्र शिक्षकहरुलाई कति दिनसम्म अभ्यास शिक्षणमा पठाउनुहुन्छ ?

..................................................................................

६. छात्र शिक्षकहरुले अभ्यास शिक्षण कार्यक्रमको सबै प्रक्रियाहरु पुऱ्याएको पाउनुहुन्छ?

क) पाइन्छ ख) पाइदैन ग) अलिअलि

७. के अभ्यास शिक्षण कार्यक्रमले छात्र शिक्षकहरुको व्यवहारमा परिवर्तन ल्याउन सकेको छ ?

क) छ ख) छैन

८. अभ्यास शिक्षण कार्यक्रम मार्फत छात्र शिक्षकमा के कस्ता शिक्षण सीप र पेशागत गुणको विकास भएको मान्नुहुन्छ ?

..........................................................................................

९. के शिक्षण पेशालाई प्रभावकारी बनाउन अभ्यास शिक्षण कार्यक्रमको आवश्यकता पर्दछ ?

..........................................................................................

१०. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गराउने सिलसिलामा कुन कुन पक्षमा र के कस्ता समस्या भोग्नुपऱ्यो ?

..........................................................................................

११. अभ्यास शिक्षण कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै लैजान कुन कुन पक्षले के के कुरामा ध्यान दिनुपर्छ ?

..........................................................................................

१२. अन्तमा यस कार्यक्रम प्रति तपाईको केही सुझाव छकी ?

..........................................................................................

..........................................................................................

## अनुसूची २

प्रधानाध्यापकसँग अन्तर्वार्ता प्रश्नावली

- विद्यालयको नामः ठेगानाः
- प्रधानाध्यापकको नामः उमेरः
- शैक्षिक योग्यता : अनुभव :
- विशिष्टीकरण विषय : तालिमः

मितिः

> स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न सहयोगी विद्यालयका प्रधानाध्यापकहरुसँगको खुल्ला तथा बन्द प्रश्नावली

१. तपाईको यस विद्यालयमा जम्मा विद्यार्थीहरु कति छन् ?

| क्र.सं. | | |
|---|---|---|
| १ | छात्र | |
| २ | छात्रा | |

२. तपाईको विद्यालयमा छात्र शिक्षकहरु अभ्यास शिक्षण गर्न आउँदा कस्तो लाग्छ ?

........................................................................................

३. छात्र शिक्षकहरु शिक्षण गर्न विद्यालयमा आउँदा अनुशासित भएको पाउनुहुन्छ ?

क) पाइन्छ ख) पाइदैन ग) अलिअलि

४. तपाईको विद्यालयमा कति दिनसम्म अभ्यास शिक्षण कार्यक्रम संचालन हुन्छ ?

........................................................................................

५. छात्र शिक्षकहरु अभ्यास शिक्षण अवधिभर नियमित रुपमा विद्यालय आउँछन् ?

क) आउँछन् ख) आउँदैनन्

६. छात्र शिक्षकहरुलाई कक्षा शिक्षण गर्ने समयको घण्टी व्यवस्था कसरी मिलाईदिनु भएको छ ?

........................................................................................

७. छात्र शिक्षकको कक्षा सुपरीवेक्षण गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन्

८. तपाईको कक्षा अवलोकन अनुसार अभ्यास शिक्षण कार्यक्रम पाठ्यक्रम अनुसार केन्द्रित भएको पाउनुभयो ?

क) पाइयो ख) पाइएन ग) अलिअलि

९. छात्र शिक्षकहरुले नियमित रुपमा पाठयोजना बनाउनु हुन्छ ?

क) बनाउँछन् ख) बनाउँदैनन्

१०. अभ्यास शिक्षण कार्यक्रमले छात्र शिक्षकमा के कस्ता ज्ञान, सीपको विकास भएको पाउनुभयो ?

...........................................................................................

११. अभ्यास शिक्षण गर्न छात्र शिक्षकहरु आउँदा व्यवस्थापन पक्ष प्रति के कस्ता समस्या परे ?

...........................................................................................

१२. अभ्यास शिक्षणमा आउने छात्र शिक्षकहरुलाई तपाईको सुझाव के छ ?

...........................................................................................

१३. अभ्यास शिक्षण कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गर्न कुन कुन पक्षमा ध्यान पुऱ्याउनु पर्ला ?

...........................................................................................

# अनुसूची ३

विषय शिक्षकसँग अन्तर्वार्ता प्रश्नावली

> "स्नातक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न सहयोगी विद्यालयका विषय शिक्षकहरुसँगको खुल्ला तथा बन्द प्रश्नावली"

- सहयोगी विद्यालयको नामः ठेगानाः
- विषय शिक्षकको नामः अनुभव :
- शैक्षिक योग्यता : तालिमः
- विशिष्टीकरण विषय : मितिः

१. तपाई शिक्षक भएको नाताले अभ्यास शिक्षण कार्यक्रमको महत्वलाई कसरी हेर्नुभएको छ ?

.................................................................................

२. के अभ्यास शिक्षण कार्यक्रम पाठ्यक्रम अनुसार कार्यान्वयन भएको पाउनुभएको छ?

क) छ ख) छैन ग) अलिअलि

३. के आफ्नो पेशामा शिक्षक संलग्न हुनु अगाडि अभ्यास शिक्षण गरिनु जरुरी मानिन्छ?

.................................................................................

४. के अभ्यास शिक्षण कार्यक्रमबाट शैक्षणिक उद्देश्य प्राप्त गर्न सकिन्छ ?

क) सकिन्छ ख) सकिदैन

५. विद्यालयमा छात्र शिक्षकहरु आउँदा कुनै समस्या पर्‍यो ?

.................................................................................

६. तपाई छात्र शिक्षकको कक्षा अवलोकन कति पटक गर्नुहुन्छ ? र सुझाव पनि दिनुहुन्छ ?

...............................................................................

७. छात्र शिक्षकले पाठयोजना नियमित रुपमा बनाउँछन् ?

क) बनाउँछन् ख) बनाउँदैनन्

८. छात्र शिक्षकले शैक्षणिक उद्देश्य अनुसार शैक्षिक सामाग्रीको प्रयोग गरेको पाउनुभयो ?

क) पाइयो ख) पाईएन

९. अभ्यास शिक्षण कार्यक्रम पश्चात छात्र शिक्षकहरुमा के कस्ता शिक्षण सीपको विकास भएको पाउनुभयो ?

.........................................................................

१०. अभ्यास शिक्षणमा छात्र शिक्षकलाई कुन कुन पक्षमा र के कस्तो सहयोग गर्नुभएको छ ?

.........................................................................

११. छात्र शिक्षकले विद्यार्थीहरुलाई कक्षा नियन्त्रण गर्न सकेको छन त ?

क) छ          ख) छैन

१२. अभ्यास शिक्षणलाई सु-व्यवस्थित गर्न कुन कुन पक्षलाई ध्यान दिनुपर्ला ?

..............................................................................

१३. अभ्यास शिक्षणमा छात्र शिक्षकलाई तपाईको सुझाव कस्तो रहन्छ ?

..............................................................................

१४. अभ्यास शिक्षण कार्यक्रम संचालनमा तपाईको कुनै सुझाव छकी ?

.........................................................................

# अनुसूची ४

छात्र शिक्षकको लागि प्रश्नावली

- सहयोगी विद्यालयको नामः ठेगानाः
- छात्र शिक्षकको नामः जिल्ला :
- पढाउनु भएको कक्षा : विद्यार्थी संख्या :
- पढाउनु भएको विषय : मिति :

१. तपाईले कुन कुन विषय पढाउनुहुन्छ ?

| क.सं. | विषय | हप्तामा कति पिरियड | तपाईको मुख्य विषय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

२. अभ्यास शिक्षण पूर्व शुक्ष्म शिक्षण कार्य गर्नु भएको थियो ?

क) गरियो ख) गरिएन

३. यदि शुक्ष्म शिक्षण गरिएन भने किन ?

..........................................................................................

४. अभ्यास शिक्षण गर्दा पाठयोजना नियमित बनाउनुहुन्छ ?

क) बनाउँछु ख) बनाउँदिन

५. पाठयोजना बनाउँदा तपाईलाई के के समस्या आइपरे ?

..........................................................................................

६. शैक्षणिक सामग्री छनोट र प्रयोगमा कतिको निरन्तरता दिनुभएको छ ?

................................................................................

७. शैक्षणिक सामग्री निर्माण गर्दा कस्ता समस्याहरु आईपरे ?

..........................................................................................

८. तलका अनुसार शिक्षण विधिलाई कसरी उपयोग गर्नु भएको छ ?

क) क्रियाकलाप अनुसार उपयुक्त विधि,

ख) विद्यार्थी उत्प्रेरित गर्ने खालको विधि,

ग) विधि उपयुक्त र उचित तरिकाले प्रयोग गर्न नसकिने,

घ) छनौट र प्रयोग गर्दै नगर्ने

९. तपाईको पिरियड भरिमा विद्यार्थीहरुलाई क्रियाकलाप गर्न कति समय लिनुहुन्छ ?

.........................................................................................

१०. कक्षा शिक्षणमा जम्मा विद्यार्थीको कति प्रतिशत क्रियाकलाप गर्न सहभागी हुन्छन् ?

.......................................................................................

११. विद्यार्थीहरुलाई कक्षामा उत्प्रेरणा जगाउन कुन कुन तरिका र उपाय अपनाउनुहुन्छ?

.......................................................................................

१२. तपाईलाई अभ्यास शिक्षण गर्न जाँदा कस्ता कस्ता समस्याहरु आइपरे ?

.......................................................................................

१३. शिक्षणमा आइपरेका समस्या समाधानमा के कस्ता उपाय अपनाउनुभयो ?

.......................................................................................

१४. तपाईले पढाउँदा विषय शिक्षक पनि कक्षामा बस्नुहुन्छ ?

क) बस्नुहुन्छ ख) बस्नुहुन्न ग) कहिलेकाहीँ

१५. तपाईको विद्यालयमा हातामा कतिपटक सुपरीवेक्षक आउनुहुन्छ ?

.........................................................................................

१६. कक्षा अवलोकन पछि सुपरीवेक्षकले पृष्ठपोषण दिनुहुन्छ ?

क) दिनहुन्छ ख) दिनुहुन्न

१७. अभ्यास शिक्षण कार्यक्रमले तपाईको शिक्षण शैलीमा कस्तो सुधार आएको महसुस हुँदै आएको छ ?

.........................................................................................

१८. समग्रमा स्नातक तहको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन पक्ष कस्तो लाग्यो ?

.........................................................................................

## अनुसूची ५
## कक्षा अवलोकन फाराम

- **छात्र शिक्षकको नामः**
- कक्षा :
- एकाई शीर्षक :
- पाठ शीर्षक :

**विद्यालयको नामः**
ठेगानाः
मितिः
घण्टी :
समय :

| क्र.सं. | | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | **छात्र शिक्षकको अवस्था** | | | |
| i) | सफासुग्घर | | | |
| ii) | आत्मविश्वास | | | |
| iii) | भाषाको शुद्धता | | | |
| iv) | बोलीको शुद्धता | | | |
| २. | **पाठको प्रारम्भ** | | | |
| i) | कक्षा व्यवस्थापन | | | |
| ii) | विषयवस्तुको अनुभव | | | |
| iii) | पाठप्रति रुची जागरण | | | |
| ३. | **शैक्षिक सामग्रीको प्रयोग** | | | |
| i) | स्पष्ट देखिने | | | |
| ii) | स्पष्ट बुझिने | | | |
| iii) | पाठसँग सम्बन्धित | | | |
| iv) | प्रयोगमा उपयुक्तता | | | |
| ४. | **शिक्षण क्रियाकलाप** | | | |
| i) | पूर्व पाठमा आधारित | | | |
| ii) | विद्यार्थी सहभागिता | | | |
| iii) | प्रश्नोत्तर | | | |
| iv) | विद्यार्थी अनुसरण | | | |
| ५. | **कालोपाटी (फ्लाटिन बोर्डको प्रयोग)** | | | |
| i) | नियमित | | | |
| ii) | अनियमित | | | |
| iii) | प्रयोग नै नगर्ने | | | |
| ६. | **शिक्षण विधि** | | | |
| i) | व्याख्यान | | | |
| ii) | छलफल | | | |
| iii) | प्रश्नोत्तर | | | |
| iv) | प्रयोगमा उपयुक्तता | | | |
| ७. | **मूल्याङ्कन** | | | |
| i) | पाठको उद्देश्य | | | |
| ii) | मूल्याङ्कनको साधन र उपयुक्तता | | | |
| iii) | गृहकार्य | | | |

## अनुसूची १

नमूना छनोटमा परेका क्याम्पस र क्याम्पस प्रमुखको नामावली :

| क्र.सं. | क्याम्पसको नाम | क्याम्पस प्रमुखको नाम |
|---|---|---|
| १ | सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली | शारदामणि खड्का |
| २ | श्री सिद्धज्योति शिक्षा क्याम्पस, फोस्रेटार, सिन्धुली | अमरदीप देवकोटा |

स्रोतः स्थलगत अध्ययन, २०६७।

## अनुसूची २

नमूना छनोटमा परेका सहयोगी विद्यालय र प्र.अ.हरुको नामावली :

| क्र.सं. | विद्यालयको नाम | प्र.अ.को नाम |
|---|---|---|
| १ | श्री कमला उ.मा.वि. ढुङ्ग्रेवास, सिन्धुली | दुर्गा राज वराल |
| २ | श्री जनज्योति उ.मा.वि. फोस्रेटार, सिन्धुली | भिमविक्रम थापा |
| ३. | श्री भविष्य निर्माता उ.मा.वि. पानीट्याङ्की, सिन्धुली | टोमप्रसाद काफ्ले |
| ४ | श्री गौमती नमूना उ.मा.वि. माढीबजार, सिन्धुली | विनोद श्रेष्ठ |

स्रोतः स्थलगत अध्ययन, २०६७।

## अनुसूची ३

नमूना छनोटमा परेका विषय शिक्षकहरुको विद्यालय र विशिष्टीकरण विषयः

| क्र.सं. | विषय शिक्षकको नाम | विद्यालयको नाम | वि. विषय |
|---|---|---|---|
| १ | रामचन्द्र पौडेल | श्री जनज्योति उ.मा.वि. फोस्रेटार, सिन्धुली | जनसंख्या |
| २ | भिमविक्रम थापा | श्री जनज्योति उ.मा.वि. फोस्रेटार, सिन्धुली | नेपाली |
| ३ | कुमार कोइराला | श्री नमूना उ.मा.वि. गौमती, सिन्धुली | जनसंख्या |
| ४ | नवराज थिङ | श्री नमूना उ.मा.वि. गौमती, सिन्धुली | नेपाली |
| ५ | कमरेश चौधरी | श्री कमला उ.मा.वि. ढुङ्ग्रेवास, सिन्धुली | जनसंख्या |
| ६ | दुर्गाराज वराल | श्री कमला उ.मा.वि. ढुङ्ग्रेवास, सिन्धुली | नेपाली |
| ७ | लोकमणि तिमल्सिना | श्री भविष्य निर्माता उ.मा.वि. सिन्धुली | जनसंख्या |
| ८ | टोमप्रसाद काफ्ले | श्री भविष्य निर्माता उ.मा.वि. सिन्धुली | नेपाली |

स्रोतः स्थलगत अध्ययन, २०६७।

# अनुसूची ४

छनोटमा परेका २ वटा स्नातक तहका छात्र शिक्षकहरुको नामावली :

| क.सं. | छात्र शिक्षकको नाम | विद्यालयको नाम | विषय |
|---|---|---|---|
| १ | सन्ध्या दाहाल | श्री कमला उ.मा.वि. ढुङ्ग्रेवास, सिन्धुली | नेपाली |
| २ | सन्जू न्यौपाने | श्री कमला उ.मा.वि. ढुङ्ग्रेवास, सिन्धुली | नेपाली |
| ३ | अनन्त नेपाली | श्री कमला उ.मा.वि. ढुङ्ग्रेवास, सिन्धुली | जनसंख्या |
| ४ | प्रेम देवकोटा | श्री कमला उ.मा.वि. ढुङ्ग्रेवास, सिन्धुली | जनसंख्या |
| ५ | अंगिरा पहाडी | श्री भविष्य निर्माता उ.मा.वि. पानीट्याङ्की, सिन्धुली | नेपाली |
| ६ | सुस्मा खड्का | श्री भविष्य निर्माता उ.मा.वि. पानीट्याङ्की, सिन्धुली | नेपाली |
| ७ | विकास श्रेष्ठ | श्री भविष्य निर्माता उ.मा.वि. पानीट्याङ्की, सिन्धुली | जनसंख्या |
| ८ | विनोद लुईटेल | श्री भविष्य निर्माता उ.मा.वि. पानीट्याङ्की, सिन्धुली | जनसंख्या |
| ९ | फडिन्द्र नेपाली | श्री जनज्योति उ.मा.वि. फोस्रेटार, सिन्धुली | नेपाली |
| १० | इन्दिरा थापा | श्री जनज्योति उ.मा.वि. फोस्रेटार, सिन्धुली | नेपाली |
| ११ | श्रृखंला कार्की | श्री जनज्योति उ.मा.वि. फोस्रेटार, सिन्धुली | जनसंख्या |
| १२ | उमेश वि.क. | श्री जनज्योति उ.मा.वि. फोस्रेटार, सिन्धुली | जनसंख्या |
| १३ | सन्तोष काफ्ले | श्री गौमती नमूना उ.मा.वि. माढीबजार, सिन्धुली | नेपाली |
| १४ | अञ्जु रेग्मी | श्री गौमती नमूना उ.मा.वि. माढीबजार, सिन्धुली | नेपाली |
| १५ | सर्मिला दाहाल | श्री गौमती नमूना उ.मा.वि. माढीबजार, सिन्धुली | जनसंख्या |
| १६ | गणेश व. दर्जी | श्री गौमती नमूना उ.मा.वि. माढीबजार, सिन्धुली | जनसंख्या |

स्रोत: स्थलगत अध्ययन, २०६७।